"सुन्दर, शान्त, समृद्ध, सभ्य, बगनासकाली गाउँको सार, आर्थिक सामाजिक पर्यटन र पुर्वाधार विकासको दिगो आधार"

# हाम्रो बगनासकाली

## कक्षा–१



# हाम्रो बगनासकाली

# कक्षा १



विद्यार्थीको नाम : ...............................................

रोल नम्बर : ...................................................

विद्यालयको नाम : ..............................................

बगनासकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चिर्तुङ्गधारा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

# हाम्रो बगनासकाली

## कक्षा १

**प्रकाशक :** बगनासकाली गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश चिर्तुङ्गधारा, पाल्पा


**सर्वाधिकार** ©: बगनासकाली गाउँकार्यपालिका

**प्रथम, संस्करण**: २०७७
**दोस्रो, संस्करण**: २०७८

**सम्पादक** : दयाराज कडेल
**लेखकहरु** : दयाराज कडेल
: गुनाराम खनाल

**मुद्रण** : श्री मनकामना अफसेट प्रेस, पाल्पा
**डिजाइनिङ्ग** : राजु रास्कोटी

पाठ्यपुस्तक सम्बन्धी पाठकहरुमा कुनै पनि प्रकारका सुझावहरु भएमा बगनासकाली गाउँ कार्यपालिका शिक्षा शाखा चिर्तुङ्गधारा पाल्पामा पठाइदिनुहुन अनुरोध छ । पाठकहरुबाट आउने सुझावहरुलाई यस कार्यालयले हार्दिक स्वागत गर्दछ ।



# राष्ट्रिय गान

सयौं थुङ्गा फूलका हामी एउटै माला नेपाली ।
सार्वभौम भई फैलिएका मेची महाकाली ॥

प्रकृतिका कोटी-कोटी सम्पदाको आँचल ।
वीरहरुको रगतले स्वतन्त्र र अटल ॥

ज्ञानभूमि शान्तिभूमि तराई, पहाड हिमाल ।
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ॥

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल ।
अग्रगामी राष्ट्र हाम्रो जय १ जय १ नेपाल ॥



# हाम्रो भनाइ

शिक्षालाई उद्देश्यमूलक, व्यावहारिक, समसामयिक र रोजगारमूलक बनाउनु आजको पहिलो आवश्कता हो । यसको लागि समय सापेक्ष शिक्षामा परिवर्तन हुनु आवश्यक हुन्छ । राष्ट्रिय स्तरबाट तयार पारिएका पाठ्यवस्तुहरुले स्थानीय आवश्यकता र चाहनाहरुलाई पुरा नगर्न सक्छन् । विविध विषयवस्तुलाई एकीकृत गरी विद्यार्थीहरुलाई आफ्नो स्थानीय स्तरका विषयवस्तुको बारेमा बोध गराउनु हाम्रो अभिभारा पनि हो । यसर्थ स्थानीय मौलिक कला, भाषा, संस्कृति, इतिहास, भूगोल, प्रविधि, खेल, स्रोत र साधन, साहित्य, कृषि यातायात लगायतका विविध पक्षलाई समेटेर बालबालिकाहरुलाई उपयोगी हुने स्थानीय सामग्री उपलब्ध गराउनु हाम्रो कर्तव्य हो ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले समेत शिक्षा सम्बन्धी व्यवस्थामा स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरणको अधिकार स्थानीय तहलाई दिएको अवस्थामा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक तयार गर्ने नीति लिएको हो । पाठ्यक्रम तयार भैसकेको र त्यसैका आधारमा पाठ्यपुस्तक तयार पारेर यस गाउँपालिका भित्रका सबै सामुदायिक र संस्थागत विद्यालयमा कार्यान्वयनमा ल्याउन लागिएको छ । यो हाम्रो लागि गौरवको कुरा पनि हो । पाठ्यक्रमले बोलेका कुराहरुलाई सरल तरिकाले विद्यार्थीहरुले बुझ्ने गरी पाठ्य विषयवस्तुको सङ्कलन गरी यो पाठ्यपुस्तक **(हाम्रो बगनासकाली कक्षा-१)** तयार पारिएको छ । यो पाठ्यपुस्तक बगनासकाली गाउँपालिकाको दर्पण हुने अपेक्षा राखेका छौँ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार कूल १०० पूर्णाङ्क र ५ पाठ्यभार अनुसार विषयवस्तु छनोट गरी यो पाठ्यपुस्तक तयार पारिएको छ ।

यस पाठ्पुस्तकलाई यस स्वरुपमा ल्याउन सहयोग पुऱ्याउनुहुने गाउँपालिकाका उपाध्यक्ष सरस्वती चिदी, प्रमुख प्रशासकीय अधिकृत विष्णु घर्ती, गाउँपालिका भित्रका नौवटै वडाका वडा अध्यक्ष ज्यूहरु, शिक्षा समितिका पदाधिकारीहरु, गाउँकार्यपालिका शिक्षा शाखा प्रमुख गुणाराम खनाल, पाठ्यपुस्तक लेखन कार्यमा अहोरात्र खटिनुभएका लेखक ग्राम्य मा.वि. का शिक्षक दयाराज कंडेल, सम्पूर्ण विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरु, पाठ्यक्रम निर्माण समिति, विषयवस्तु सङ्कलक तथा सल्लाहकारहरु लगायत पाठ्यपुस्तक लेखन कार्यमा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरुलाई यस गाउँपालिका परिवार हार्दिक धन्यवाद प्रकट गर्दछौं ।

पाठ्य पुस्तकलाई शिक्षण सिकाइको महत्वपूर्ण साधनका रुपमा लिइन्छ । यसबाट विद्यार्थीले पाठ्यक्रमद्धारा लक्षित गरेका सक्षमता हासिल गर्न मद्धत पुग्ने अपेक्षा गरिएको छ । यसलाई स्थानीय विषयवस्तु समेटेर सकेसम्म क्रियाकलापमूखी र रुचिकरण बनाउने प्रयत्न गरिएको छ । यसलाई आगामी दिनमा थप परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, वुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरुबाट रचनात्मक सुझावको लागि यस बगनासकाली गाउँकार्यपालिका परिवार हार्दिक अनुरोध गर्दछ ।

**धन्यवाद !**

मिति : २०७८/०६/०५ गते

**अध्यक्ष**
**कृष्णप्रसाद बस्याल**
**एवम्**
**बगनासकाली गाउँपालिका, परिवार, पाल्पा**

# भूमिका

पाठ्यक्रम शिक्षण सिकाइको मूल आधार हो । पाठ्यपुस्तक पाठ्यक्रममा आधारित भई विद्यार्थीहरुमा अपेक्षित सक्षमता विकास गर्न तयार पारिएको एक प्रमुख साधन हो । प्रस्तुत पाठ्यपुस्तक (हाम्रो बगनासकाली कक्षा-१) एकीकृत स्थानीय पाठ्यक्रम (आधारभूत शिक्षा कक्षा १-३) २०७७ लाई आधार मानेर तयार पारिएको पुस्तक हो ।

यस पुस्तकको लेखन तथा विकास गर्नको लागि बगनासकाली गाउँकार्यपालिकाले निश्चित समय तोकेर बगनासकाली गाउँपालिका भित्रका लेखक, शिक्षक तथा बौद्धिक व्यक्तिहरुबाट पाठ्यवस्तुको माग सङ्कलन गरेको थियो । सोहीअनुसार स्थानीय विषयवस्तुलाई जोड दिएर विषयवस्तुको सङ्कलन गरिएको हो । यसमा गाउँपालिकाभित्र रहेका विशेष विषयवस्तुलाई सकेसम्मको खोज तथा अध्ययन गरेर पाठ्यविषयवस्तुको सङ्कलन गरी यो पाठ्यपुस्तक तयार पारिएको छ । सर्वप्रथम तयार पारिएको पाठ्यपुस्तकका पाठ्यवस्तुको मस्यौदालाई गाउँ शिक्षा समिति तथा नौ वटै वडाका वडाध्यक्षहरुको बैठकद्वारा यस पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तुमाथि गहन छलफल गरी अन्तिम रुप दिइएको हो । यो पाठ्यपुस्तकले बगनासकाली गाउँपालिकाको सामान्य चिनारी विद्यार्थीहरुमा गराउनेछ भन्ने अपेक्षा राखिएको छ ।

यस पाठ्यपुस्तकभित्र हरेक एकाइ सुरु हुनुभन्दा पहिला उक्त एकाइका विशिष्ट उद्देश्य समावेश गरिएको छ । शिक्षकहरुलाई शिक्षणका क्रममा सहजता होस् भनेर हरेक क्रियाकलापमा शिक्षण निर्देशन समावेश गरिएको छ । पाठभित्र समावेश गरिएका क्रियाकलापहरु ज्ञानका तीनै क्षेत्र संज्ञानात्मक, भावनात्मक र मनोक्रियात्मक समेटेर राख्ने प्रयास गरिएको छ । विद्यार्थी केन्द्रित क्रियाकलापहरुलाई जोड दिई विषयवस्तु समावेश गरिएको छ । यो हाम्रो पहिलो प्रयास भएकोले पक्कैपनि यसमा समावेश गरिएका विषयवस्तु अन्तिम रुप भने होइन । पहिलो सस्करणमा देखिएका त्रुटिहरुलाई सच्याउँदै दोस्रो संस्करण प्रकाशन गरिएको छ । आगामी संस्करणमा पनि शिक्षा क्षेत्रबाट आएका अमुल्य सुझावहरुलाई मनन् गरी विषयवस्तु थप संशोधन हुँदै जानेछन् ।

प्रस्तुत पाठ्यपुस्तकलाई यस स्वरुपमा ल्याउने क्रममा सहयोग लिइएका पुस्तकका लेखकहरु, आवश्यक सल्लाह र प्रेरणा प्रदान गर्नुहुने बगनासकाली गाउँपालिका अध्यक्ष कृष्ण प्रसाद बस्याल, उपाध्यक्ष सरस्वती चिदी, प्रमुख प्रशासकीय अधिकृत विष्णु घर्ती, गाउँपालिकाका सम्पूर्ण वडा अध्यक्ष ज्यूहरु, शिक्षा समितिका पदाधिकारीहरु, शिक्षा शाखा, सम्पूर्ण विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरु, पाठ्यक्रम निर्माण समिति, विषयवस्तु सङ्कलक तथा सल्लाहकारहरु लगायत पाठ्यपुस्तक लेखन कार्यमा प्रत्यक्ष वा परोक्ष सहयोग पुऱ्याउनुहुने सम्पूर्ण बौद्धिक व्यक्तित्वहरुप्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छौँ ।

अन्त्यमा प्रस्तुत पाठ्यपुस्तकलाई आगामी दिनमा अझ गुणस्तरीय र विद्यार्थी केन्द्रित बनाउन शैक्षिक क्षेत्रबाट रचनात्मक सुझावको अपेक्षा गर्दै स्थानीय पाठ्यपुस्तक लेखन जस्तो गहन जिम्मेवारी दिने बगनासकाली गाउँपालिका परिवारलाई हृदयदेखि नै कृतज्ञता प्रकट गर्न चाहन्छौँ ।

मिति : २०७८/०६/०५ गते

**लेखक तथा सम्पादक**

# हाम्रो बगनासकाली
# कक्षा १

## विषय सूची


| एकाइ | विषय क्षेत्र | पेज नं. |
|---|---|---|
| एक | बगनासकाली गाउँपालिकाको चिनारी | १ |
| दुई | स्थानीय जात, जाति, भाषा र भेषभुषा | ९ |
| तीन | स्थानीय स्तरमा उत्पादित बाली र खानेकुराहरु | १६ |
| चार | स्थानीय चार्डपर्व, धर्म र संस्कृति | ३१ |
| पाँच | स्थानीय कला, सीप, प्रविधि | ३९ |
| छ | प्रसिद्ध धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय स्थल | ४८ |
| सात | प्रचलित स्थानीय संस्कार | ५६ |
| आठ | स्थानीय स्तरमा प्रचलित खेल | ६३ |
| नौ | स्थानीय प्राकृतिक स्रोत तथा साधन | ७० |
| दश | स्थानीय पेसा व्यवसाय | ८४ |
| एघार | स्थानीय सरकारी तथा गैरसरकारी संस्था | ८९ |
| बाह्र | स्वास्थ्य र सरसफाइ | ९७ |
| तेह्र | यातायात तथा संचार | १०६ |
| चौध | बाल मैत्री स्थानीय शासन | ११८ |

एकाइ एक

# विषय क्षेत्र : बगनासकाली गाउँपालिकाको चिनारी

**विशिष्ट उद्देश्य :**

यस एकाइमा रहेका विषयवस्तुको अध्ययनपश्चात् विद्यार्थीहरु निम्न कार्यहरु गर्न सक्षम हुनेछन्:

१. जन्म स्थान सहित आफ्नो परिचय बताउन,

२. गाउँपालिकाको सामान्य चिनारी व्यक्त गर्न,

## १. तलका चित्र हेरौँ र छलफल गरौँ :



बगनासकाली गाउँपालिका भवन



राम्दी पुल



माडीफाँट



दर्लम महाकाली



बगनासदेवी मन्दिर



नायरडाँडा



सिद्धबाबा मन्दिर



शिवासन मन्दिर

**शिक्षण निर्देशनः** दिइएका चित्रहरुको आधारमा बगनासकाली गाउँपालिकाको सामान्य चिनारी गराउनुहोस् ।

## २. तलको बाल गीत लय हालेर पढ्नुहोस्:

### हाम्रो बगनासकाली

✍ दयाराज कंडेल



जय-जय बगनासकाली
बजाइदेउन ताली
पाल्पा जिल्ला भित्रको
हाम्रो बगनासकाली ।



पूर्व हेर रम्भापानी
पश्चिम तानसेन बजार
उत्तर हेर रामघाट
दक्षिण माडी फाँट ।



नौ वटा वडा छन्
मेरो गाउँपालिका
हाम्रो रक्षा गर है
दर्लम महाकालिका ।



धेरै जात धेरै पेसा
बहुरङ्गी पोसाक
काम धेरै गर्नुपर्छ
नगरौं है मजाक ।



हरियाली गाउँ छन् ।
शिक्षा सञ्चार पुगेको
माडी फाँट हेर न
कस्तो धान फुलेको ।

**शिक्षण निर्देशन**: बालगीतलाई पटक-पटक लय हालेर गाउन लगाउनुहोस् । जसलाई तपाईले सिकाइ सहजीकरण गरी विधिपूर्वक सिकाइ क्रियाकलाप गराउनुहोस् ।

**क) माथिको गीतको आधारमा दिइएका प्रश्नहरुको लिखित तथा मौखिक उत्तर दिनुहोस्:**

अ) हाम्रो गाउँपालिकाको नाम के हो ?

उत्तर :

आ) बगनासकाली गाउँपालिकाभित्र कति वटा वडाहरु छन् ?

उत्तर :

इ) हामी कुन जिल्लामा बस्छौँ ?

उत्तर :

ई) हाम्रो गाउँपालिकाको दक्षिण भागपट्टि के पर्छ ?

उत्तर :

उ) माडी फाँटमा के झुलेको छ ?

उत्तर :

**ख) उपयुक्त शब्द भरेर वाक्य पुरा गर्नुहोस्:**

अ) म बस्ने गाउँपालिकाको नाम ................................हो ।

(तानसेन, रम्भा, बगनासकाली)

आ) मेरो गाउँपालिका भित्र ............................ वडाहरु छन् । (आठ, नौ, सात)

इ) मेरो गाउँपालिकाको उत्तर भागमा ....................... पर्छ ।

(रामघाट, रम्भापानी, माडीफाँट)

ई) हामीले ................गर्नुहुँदैन । (मजाक, पोसाक, विकास)

उ) माडी फाँटमा ........................ झुलेको छ । (मकै, धान, अदुवा)

**शिक्षण निर्देशन** : माथि दिइएका क्रियाकलापहरुलाई लिखित तथा मौखिक रुपमा छलफल गराउनुहोस ।

## ३. तलको कुराकानी पढ्नुहोस् :

रविः नमस्कार, मेरो नाम रवि हो ।

नविनाः  नमस्कार मेरो नाम नविना हो ।

रविः म बगनासकाली गाउँपालिकामा बस्छु ।

नविनाः म पनि बगनासकाली गाउँपालिकामा बस्छु ।

रविः म बगनासकाली गाउँपालिका वडा नं. २ पोखराथोकमा बस्छु ।

नविनाः म बगनासकाली गाउँपालिकाको वडा नं. ६ यम्घामा बस्छु ।

रविः म बस्ने गाउँपालिका पाल्पा जिल्लामा पर्छ ।

नविनाः म बस्ने गाउँपालिका पनि पाल्पा जिल्लामा पर्छ ।

रविः म कक्षा १ मा । अनि तिमी ?

नविनाः म पनि कक्षा १ मा

नविनाः धन्यवाद

रविः धन्यवाद

### क) माथिको कुराकानी जस्तै आफ्नो बारेमा लेख्नुहोस् :

मेरा नाम ................................ हो

म ........................................ गाउँपालिकामा बस्छु ।

म बगनासकाली गाउँपालिका वडा नं. .............................. बस्छु ।

म ........................... जिल्लामा बस्छु ।

म ........................... कक्षामा पढ्छु ।

मेरो गाउँपालिकाको भवन वडा नं. ...................................... पर्छ ।

**शिक्षण निर्देशन**: दुई दुई विद्यार्थीहरुलाई उठाएर पालैपालो संवाद पढ्न लगाउनुहोस् । संवादमा जस्तै सबै विद्यार्थीहरुलाई आफ्नो बारेमा लेख्न लगाउनुहोस्  ।

## ख) नाम र चित्र बिचमा जोडा मिलाउनुहोस् :

बगनासकाली गाउँपालिकाको भवन



राम्दी पूल



शिवासन मन्दिर




माडी फाँट



दर्लममहाकाली मन्दिर



## ४. तलको आरेख चित्र हेरेर छलफल गर्नुहोस् ।




## ५. विद्यार्थीहरुलाई तातो आलु खेलको माध्यमबाट आफ्नो परिचय दिन लगाउनुहोस्:

## परियोजन कार्य:

विद्यार्थी भाइबहिनीहरुलाई आफ्नो विद्यालय नजिक रहेका प्रमुख स्थानहरुको अवलोकन भ्रमण गराउनुहोस् ।

**शिक्षण निर्देशिका**: विद्यार्थीहरुलाई खेलको माध्यमद्वारा परिचय गराउने अभ्यास गराउनुहोस् ।

# एकाइ दुई

## विषय क्षेत्र : स्थानीय जात, जाति, भाषा र भेषभूषा

**विशिष्ट उद्देश्य**

यस एकाइमा रहेका विषयवस्तुको अध्ययनपश्चात् विद्यार्थीहरु निम्न विषयवस्तुहरुमा सक्षम हुनेछन्:
१. बगनासकाली गाउँपालिकाभित्र बसोबास गर्ने जातिहरुको नाम बताउन,
२. बगनासकाली गाउँपालिकाभित्र बसोबास गर्ने मानिसले बोल्ने भाषाहरुको नाम बताउन,
३. आफ्नो भाषाको पहिचान गर्न,
४. आफ्नो गाउँपालिकाभित्र लगाइने जातिगत भेषभुषाको पहिचान गर्न,

### १. तलको बाल गीत लय हालेर पढ्नुहोस् :

✍ दयाराज कंडेल



धेरै भाषा धेरै जाति
बस्ने बगनासकाली
गर्न हुन्न भेदभाव
एक अर्कामा खाली

दाजु भाइ, दिदी बहिनी
एउटै रातो रगत
हामी सबै मिले बन्छ
बगनासकाली जगत्



मिलिजुली काम गर्ने
हामी सबै साथी
मानिसभन्दा ठूलो जात
छैन हेर माथि



बाहुन, क्षेत्री, कामी दमाई
नेवार, बोटे, सार्की
मगर, कुमाल सबै जात
हिड्नु हुन्न तर्की

**अ) माथिको बाल गीत लय हालेर पढ्नुहोस् र विद्यार्थीहरुलाई सोही अनुसार गाउन लगाउनुहोस् ।**

## २. बगनासकाली गाउँपालिकाभित्र बसोबास गर्ने जात जातिहरु:

| | | | | |
|---|---|---|---|---|
| बाहुन | क्षेत्री | मगर | सार्की | दमाई |
| कुमाल | नेवार | बोटे | कामी | ठकुरी |

अ) दिइएका वर्णबाट आउने जातिको नाम खोजेर लेख्नुहोस् ।

बा= बाहुन    ने=    कु=

द=    बो=    म=

क्षे=    सा=    का=

ठ=

आ) तपाईंको घर वरपर कुन-कुन जातिका मानिसहरु बस्छन् ? सोधेर लेख्नुहोस् ।

उत्तर : ........................................................................................

## ३. तपाई आफू कुन जातजातिभित्र पर्नुहुन्छ ? लेख्नुहोस् ।

उत्तर : ........................................................................................

## ४. तलको पाठ पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

बगनासकाली गाउँपालिका भित्र फरक-फरक जात जातिका मानिसहरुको बसोबास रहेको छ । यहाँ बाहुन, क्षेत्री, मगर, सार्की, दमाई, कामी, कुमाल, नेवार, बोटे, ठकुरी जस्ता जातिहरु रहेका छन् । जात फरक फरक भएपनि हामी सबैको एउटै जात मानिस हो भन्ने विचार हामी सबैमा छ । दुःखमा सबैले एक अर्कोलाई सहयोग गर्छन् । जातिका आधारमा भेदभाव गर्नु हुन्न भन्ने शिक्षा हामी सबैले पाएका छौँ ।

**प्रश्नहरुः**

क) बगनासकाली गाउँपालिकाभित्र कुन कुन जातिको बसोबास रहेको छ ?

उत्तर :........................................................................................

ख) हामी सबैको एउटै जातको नाम के हो ?

उत्तर :........................................................................................

ग) दुःख पर्दा एक अर्कोलाई के गर्नुपर्छ ?

उत्तर :........................................................................................

घ) हामीले के शिक्षा पाएका छौँ ?

उत्तर :........................................................................................

शिक्षण निर्देशनः माथिको पाठ पढेर विद्यार्थीहरुलाई सोधिएका प्रश्नहरुको लिखित तथा मौखिक अभ्यास गराउनुहोस् ।

# बगनासकाली गाउँपालिकाभित्र बोलिने भाषा

## १. दिइएका भाषाका नाम पढ्नुहोस्:

| नेपाली | मगर | नेवारी | कुमाले | बोटे |
|---|---|---|---|---|

## २. तलको पाठ पढ्नुहोस्:

बगनासकाली गाउँपालिकामा फरक फरक भाषामा बोल्ने मानिसहरु बस्छन् । सबैभन्दा बढी मानिसहरु नेपाली भाषामा कुराकानी गर्छन् । नेपाली भाषा भन्दा मगर भाषा अलि कम बोलिन्छ। मगर भाषा भन्दा नेवारी भाषा अलि कम बोलिन्छ । कुमाले र बोटे भाषा भने अलि अलि मात्र बोलिन्छ ।

### अ) तलका वाक्य पढ्नुहोस् र ठिक भए (✓) र बेठिक भए (×) चिन्ह लगाउनुहोस् ।

क) बगनासकाली गाउँपालिकामा हिन्दी भाषामा कुराकानी गरिन्छ ।

ख) बगनासकाली गाउँपालिकामा धेरै मानिस नेपाली भाषा बोल्छन् ।

ग) कुमाले र बोटे भाषा कता कति मात्र बोल्छन् ।

### आ) खाली ठाउँ मिल्ने शब्द छानेर लेख्नुहोस्:

| नेवार | कुमाल | मगर | बोटे | खस |
|---|---|---|---|---|

क) ................................ जातिले बोल्ने भाषा कुमाले हो ।

ख) ................................ जातिले बोल्ने भाषा मगर हो ।

ग) ................................ जातिले बोल्ने भाषा नेपाली हो ।

घ) ................................ जातिले बोल्ने भाषा बोटे हो ।

ङ) ................................ जातिले बोल्ने भाषा नेवारी हो ।

# जातिगत भेषभूषा

१. तल दिइएका चित्रहरु हेर्नुहोस् र छलफल गर्नुहोस् ।



मगर भेषभूषा



कुमाल भेषभूषा



नेवार भेषभूषा



बोटे भेषभूषा



खस आर्य भेषभूषा

**प्रश्नहरु:**

अ) माथि चित्रमा के-के देख्नुभयो ? भन्नुहोस् ।

उत्तर :

आ) माथिका चित्रहरुले केलाई सङ्केत गरेको छ ?

उत्तर :

इ) माथि दिइएका भेषभूषामध्ये तपाई कुन भेषभुषा लगाउनुहुन्छ ?

उत्तर :

## २. तलको पाठ पढेर उत्तर लेख्नुहोस्:

सबै जातजातिहरुको आ-आफ्नो जाति अनुसार मौलिक पोसाक हुन्छ । बगनासकाली गाउँपालिका भित्र बस्ने विभिन्न जात जातिहरुले पनि आफ्नै मौलिक पोसाक लगाउँछन् । हामीले लगाउने पोसाकले आफ्नो जातिलाई चिनाउन सहयोग गर्छ । जात अनुसारको पोसाक आफ्नो लागि नीजि सम्पत्ति पनि हो । हामीले रङ्गीचङ्गी पोसाक आफ्नै तरिकाले लगाए पनि जात अनुसारको भेषभूषा भने फरक फरक हुन्छ ।

**प्रश्नहरु:**

अ) आफ्नो जात अनुसार के फरक हुन्छ ?

उत्तर :

आ) आफ्नो मौलिक पोसाकले के लाई चिनाउँछ ?

उत्तर :

इ) जात जाति अनुसार लगाइने पोसाक आफ्नो लागि के हो ?

उत्तर :

**शिक्षण निर्देशन** : दिइएका चित्रहरुको बारेमा छलफल गराउनुहोस् र पाठका आधारमा सोधिएका प्रश्नहरुको लिखित तथा मौखिक अभ्यास गराउनुहोस् ।

## ३. तल दिइएका जातजाति अनुसार लगाइने भेषभूषा बिच जोडा मिलाउनुहोस् :

| **जात जातिको नाम** | **भेषभूषा** |
|---|---|
| नेवारी |  |
| बोटे |  |
| कुमाल |  |
| खस आर्य |  |
| मगर |  |

**परियोजना कार्य:**

बगनासकाली गाउँपालिकाभित्र बस्ने जातजाति अनुसार लगाइने भेषभूषाहरु चिनाउनको लागि संम्बन्धित जात जातिको बाहुल्यता रहेको ठाउँमा लगेर विद्यार्थीहरुलाई प्रत्यक्ष अवलोकन गराउनुहोस् ।

**शिक्षण निर्देशन:** दिइएका क्रियाकलापहरुको माध्यमबाट भेषभूषा सम्बन्धी जानकारी गराउनुहोस् ।

एकाइ तीन

## विषय क्षेत्र : स्थानीय स्तरमा उत्पादित बाली र खानेकुराहरु


### विशिष्ट उद्देश्य :

यस एकाइभित्र समावेश गरिएका विषयवस्तुको अध्ययनपश्चात् विद्यार्थीहरु निम्न कुराहरुमा सक्षम हुनेछन :

१. स्थानीय स्तरमा बनाइने खानाका परिकारको नाम बताउन,
२. स्थानीय स्तरमा लगाइने प्रमुख बालीको नाम बताउन,
३. आफ्नो घरमा बनाइने खानाको नाम बताउन,
४. आफ्नो घरमा लगाइने बालीहरुको नाम बताउन,


### १. चित्र हेरौं, चिनौं र छलफल गरौं :


काउली


तोरी


टमाटर


सिमी


मकै


मास



जौ


बन्दा


काँक्रो



गहुँ


सुर्यमुखी


बेसार


आलु



मेवा


खरबुजा


केरा


फापर


कोदो


चना


धान


अदुवा


कफी


झिलङ्गी


भटमास

**प्रश्नहरु:** चित्रको आधारमा विद्यार्थीहरुलाई बालीहरुको परिचय गराउनुहोस् ।

(अ) माथि दिइएका बालीहरुमध्ये तपाईको घरमा कुन-कुन बाली लगाउनुहुन्छ, भन्नुहोस्।

(आ) तपाईले कुन-कुन बालीका बिरुवा देख्नुभएको छ, भन्नुहोस ?

## २. बालीको नाम र चित्रसंग जोडा मिलाउनुहोस् :

मकै



गहुँ



अदुवा



सुर्यमुखी



धान



कफी



केरा



## ३. तल दिइएका बालीको चित्र हेरेर नाम लेख्नुहोस् ।

...............................   ...............................   ...............................

...............................   ...............................   ...............................

...............................   ...............................   ...............................

**शिक्षण निर्देशन** : बालीको चित्रका आधारमा विद्यार्थी क्रियाकलापमा जोड दिनुहोस् ।

४. तल दिइएका बालीका बिरुवा तपाईंको घरमा छ भने छ मा (✓) चिन्ह र नभएको भए छैनमा (×) चिन्ह लगाउनुहोस् ।

| विरुवाको नाम | छ | छैन |
|---|---|---|
| धान  | | |
| मकै  | | |
| गहुँ  | | |
| टमाटर  | | |
| सुर्यमुखी  | | |
| केरा  | | |
| मेवा  | | |
| आँप  | | |
| स्याउ  | | |

## ५. दिइएको पाठ पढेर प्रश्नको उत्तर लेख्नुहोस् :

हाम्रो बगनासकाली गाउँपालिकाभित्र फरक-फरक जातका बालीहरुको खेती गरिन्छ । हामीले लगाउने बालीहरु मध्ये मकै, धान, गहुँ, टमाटर, काउली, बन्दा मुख्य बाली हुन् । त्यस बाहेक आलु, काक्रो, सिमी, बोडी, फर्सी, मुला, खुर्सानी, आँप, केरा, लिची, कटहर, खरबुजा, केराउ, मेवा, सुन्तला, कागती, मास जस्ता बालीहरुको खेती पनि यहाँ गरिन्छ । हामीले आफ्नो घरमा फलाएका अन्न र फलफूलहरु बढी भयो भने स्थानीय बजारमा लगेर बेच्छौं । त्यसबाट पाएको पैसा बुबा आमाले हामीलाई पढाउन र घरको खर्चमा प्रयोग गर्नुहुन्छ । हामीले घरमै फलाएका यस्ता खानेकुरा खाँदा हामी स्वस्थ, निरोगी तथा फूर्तिला हुन्छौं ।

**प्रश्नहरु :**

क) हामो गाउँपालिका भित्रका मुख्य बालीहरु के-के हुन ?

उत्तर

ख) तपाईको घरको खेतबारीमा कुन-कुन बाली लगाउनुहुन्छ ?

उत्तरः

ग) हामीले आफ्नो घरलाई बढी भएको अन्न र फलफूल कहाँ लगेर बेच्छौं ?

उत्तर :

घ) अन्न र फलफूल बेच्दा हामीलाई के प्राप्त हुन्छ ?

उत्तरः

**शिक्षण निर्देशन** : पाठ पालैपालो सस्वर वाचन गर्न लगाउनुहोस् र प्रश्नहरुको लिखित तथा मौखिक अभ्यास गराउनुहोस् ।

### ६. खाली ठाउँमा मिल्ने शब्द छानेर लेख्नुहोस् :

| बगनासकाली | धान | बजार | पैसा | निरोगी |
|---|---|---|---|---|

क) हाम्रो गाउँपालिकाको मुख्य बाली मध्ये......................पनि एक हो ।

ख) बढी भएको अन्न र फलफुल ................................लगेर बेच्छौं ।

ग) हाम्रो गाउँपालिकाको नाम.....................................हो ।

घ) अन्न र फलफुल बेचेर ..........................................पाइन्छ ।

ङ) हामीले घरमा फलाएको अन्न र फलफुल खाएमा ........................हुन्छौं ।

## ७. बाल गीत :

रचनाकार : ममता ज्ञवाली

कति राम्रो हराभरा
बगनासकाली गाउँ
खेतीपाती यहीँ गरी
हरियाली बनाऊँ

धान, मकै, गहुँ, कोदो
हाम्रो मुख्य बाली
गरौ खेती सबै मिली
नराखेरै खाली



टमाटर, काँक्रो, बोडी
आलु, सिमी लगाऊ
यहीँ बाली बिक्री गरी
नगद पैसा कमाऊ

बाली नाली खेतीपाती
मुख्य पेसा हाम्रो
लह-लह हरियाली
हेर्दा कति राम्रो

**शिक्षण निर्देशन** : बालगीतलाई लय हालेर पढ्न लगाउनुहोस र त्यहाँ भित्र समावेश गरिएका विषयवस्तुको पहिचान गराउँदै कियाकलापलाई अगाडि बढाउनुहोस् ।

# हाम्रो खाना

## १. हेरौं र चिनौं :



क) माथिको चित्रमा के-के देख्नुभयो ?

ख) माथि दिइएका खानाका परिकार मध्ये तपाईलाई सबैभन्दा बढी कुन मनपर्छ ?

ग) तपाईको घरमा कुन-कुन खानाहरु पकाउनुहुन्छ ?

## २. तल दिइएका खाना र चित्र बिच जोडा मिलाउनुहोस् :

चामल



मकै



खिर



सेल रोटी



बटुक



चुकाउनी



ढिडो



भात



**शिक्षण निर्देशन** : चित्र हेरेर गाउँगालिका भित्रका मुख्य खानाको बारेमा छलफल गराउनुहोस् ।

३. तल दिइएका खानाहरुका नाम पढ्नुहोस् ।

## हाम्रो गाउँपालिकाभित्र पाइने मुख्य खानाहरु

भात, ढिडो, बटुक, सेलरोटी, मकै, चुकाउनी, मोःमोः चाउमिन, अण्डा, मासु, दुध, दही, घ्यू, समोसा, चनामटर, खिर, दही चिउरा, रोटी, तरकारी, दाल, चटनी, गुन्द्रुक, मस्यौरा

४. तलका खानाका परिकारहरु खाएको भए खाएकोमा ठिक (✓) चिन्ह र नखाएको भए नखाएकोमा बेठिक (×) चिन्ह लगाउनुहोस् ।

|  | खाएको छु | खाएको छैन |
|---|---|---|
|  | | |
|  | | |
|  | | |
|  | | |
|  | | |

## ५. तल दिइएका चित्र हेरेर खाने वस्तु र नखाने वस्तु चिनेर लेख्नुहोस् ।












| खान हुने वस्तु | खान नहुने वस्तु |
| --- | --- |
| १ ______________ | १ ______________ |
| २ ______________ | २ ______________ |
| ३ ______________ | ३ ______________ |
| ४ ______________ | ४ ______________ |
| ५ ______________ | ५ ______________ |

**शिक्षण निर्देशन** : विद्यार्थी क्रियाकलापलाई जोड दिई शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुहोस् ।

### ६. तलको शब्द समूहबाट खानेकुरा पत्ता लगाई गोलो घेरा (◯) लगाउनुहोस् ।

| | | |
|---|---|---|
| क) (चामल) | माटो | दाउरा |
| ख) ढुङ्गा | रोटी | किताब |
| ग) कापी | कलम | ढिँडो |
| घ) लुगा | चुकाउनी | काँटी |
| ङ) चिया | कागज | नङ |

### ७. तलका खानेकुराको चित्र हेरेर नाम लेख्नुहोस् ।





________________ ________________ ________________





________________ ________________ ________________

**शिक्षण निर्देशन** : अभ्यासलाई लिखित तथा मौखिक दुवै माध्यमबाट अगाडि बढाउनुहोस् ।

## ८. कोठेपद :

तल कोठामा दिइएका वर्णहरुबाट तपाईंको घरमा लगाइने पाँचवटा बालीको नाम र पाँचवटा तपाईंले खाने खानाका नाम खोजेर लेख्नुहोस् ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| क | अ | भा | धा | ऐ | पो | के |
| रो | ना | त | न | ब | ना | रा |
| टी | र | खि | मा | ट | र | न |
| बे | का | र | से | ल | मा | सु |
| सा | उ | धि | ना | ह | क | फा |
| र | ली | उ | क | लु | म | प |
| न | ल | सु | न | वा | कै | र |

**खानेकुरा**

१ ________________

२ ________________

३ ________________

४ ________________

५ ________________

**बाली**

१ ________________

२ ________________

३ ________________

४ ________________

५ ________________

**शिक्षण निर्देशन** : अभ्यासलाई लिखित तथा मौखिक दुवै माध्यमबाट अगाडि बढाउनुहोस् ।

**एकाइ चार**

## विषय क्षेत्र : स्थानीय चाडपर्व, धर्म र संस्कृति

### विशिष्ट उद्देश्यः

यस एकाइभित्र समावेश गरिएका विषयवस्तुको अध्ययनपश्चात् विद्यार्थीहरु निम्न कुराहरुमा सक्षम हुनेछन् :

१. स्थानीय समुदायमा मनाइने चाडपर्वहरुको नाम बताउन

२. बगनासकाली गाउँपालिकाभित्र बसोबास गर्ने मानिसहरुले मान्ने धर्महरुको नाम बताउन,

३. आफूले सुनेका स्थानीय गीत गाउन,

४. आफ्नो परिवारभित्र मनाइने चाडपर्वहरुको नाम बताउन,















क) माथि चित्रमा के के देख्नुभयो ?

उत्तर :.......................................................................................

ख) माथि दिइएका सबै चाडपर्वमा तपाई सहभागी हुनुभएको छ ?

उत्तर :.......................................................................................

ग) तपाईलाई सबैभन्दा बढी मनपर्ने चाड कुन हो ?

उत्तर :.......................................................................................

## २. खाली ठाउँमा मिल्ने शब्द छानेर वाक्य पुरा गर्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| पिङ | टीका | दरखाने | सोरठी | देउसी भैलो |

क) मगर दिवसमा ________________ नाच नाचिन्छ ।

ख) दशैंमा मान्यजनबाट ____________ लगाइन्छ ।

ग) तीजमा ______________________ खेलिन्छ ।

घ) तिहारमा _______________________ गीत गाइन्छ ।

ङ) तीज पर्वमा ______________________चलन छ ।

## ३. तलको पाठ पढ्नुहोस् र प्रश्नको उत्तर भन्नुहोस् :

हाम्रो बगनासकाली गाउँपालिका भित्र बसोबास गर्ने मानिसहरुले धेरै चाडपर्वहरु मनाउँछन् । ती चाडपर्वहरुमा तीज, रक्षाबन्धन, दशैं, तिहार, गाईजात्रा रोपाइँ जात्रा, माघी पर्व, मगर दिवश, शिवरात्री चण्डी पूर्णिमा, फागु, रामनवमी जस्ता धेरै पर्वहरु मनाइन्छ । चाडपर्व अनुसार फरक-फरक रीतिरिवाज हुन्छन् । चाडपर्वमा आफन्तजनहरु भेटघाट गरेर आर्शिवाद र खुसी साटासाट गर्ने गरिन्छ । चाडपर्वले टाढा टाढा रहेका आफन्तजनलाई भेट गर्ने अवसर प्रदान गर्छ ।

**प्रश्नहरु:**

क) तपाईको घरमा कुन-कुन चाडपर्व मनाउनुहुन्छ ?

उत्तर :.......................................................................................

ख) चाडपर्वले कसको भेट गराउँछ ?

उत्तर :.......................................................................................

ग) चाडपर्वमा आफन्तसँग के साटासाट गरिन्छ ?

उत्तर :.......................................................................................

घ) तपाईंको समुदायमा कुन-कुन चाडपर्व मनाइन्छ ?

उत्तर :...................................................................................................

ङ) चाडपर्वले कहाँ भएका आफन्तजनको भेट गराउँछ ?

उत्तर :...................................................................................................

## ४. नमिल्ने शब्दमा गोलो घेरा (◯)लगाउनुहोस्:

क) दसैँ, तिहार, तीज, रोटी

ख) पिङ, टीका, देउसी भैलो, झोला

ग) रक्षाबन्धन, फागु, माघी बस

५. मिल्ने उत्तरमा ठीक (✓) लगाउनुहोस् ।

| | | |
|---|---|---|
| क) दर खाने | तिहार | तीज |
| ख) रङ खेल्ने | फागु | शिवरात्री |
| ग) गाईको चित्र बनाई नाच्ने | गाईजात्रा | रोपाइँजात्र |
| घ) चर्चमा जाने | दशैं | क्रिसमस डे |
| ङ दुर्गा पूजा | तिहार | दशैं |


**शिक्षण निर्देशन** : दिइएका क्रियाकलापहरुलाई सर्वप्रथम मौखिक त्यसपछि लिखित रुपमा छलफल गराउनुहोस् ।

# हाम्रा धर्म

## १. तलका चित्रहरु हेर्नुहोस् अनि सँगैका नामहरु आवाज निकालेर पढ्नुहोस्:



मन्दिर



मस्जिद



चैत्य



चर्च



धार्मिक सहिष्णुता


## २. तल दिइएका हाम्रो बगनासकाली गाउँपालिका भित्र मान्ने धर्महरुको नाम पढ्नुहोस्:

| | | | |
|---|---|---|---|
| हिन्दु | बौद्ध | मुस्लिम | क्रिश्चियन |


## ३. कक्षामा सबैले आवाज निकालेर पढ्नुहोस्:

- हिन्दु धर्म मान्नेहरुले दशैं, तिहार आदि मनाउँछन् ।
- बौद्ध धर्म मान्नेहरुले बुद्ध जयन्ती मनाउँछन् ।
- मुस्लिम धर्म मान्नेहरुले इद मनाउँछन् ।
- क्रिश्चियन (इसाईहरु) ले क्रिसमस मनाउँछन् ।

## ४. तल दिइएको चित्र हेरेर नाम लेख्नुहोस् :

______________ ______________ ______________



______________

## ५. ठीक शब्द छानेर वाक्य पूरा गर्नुहोस्:

| मस्जिद | मन्दिर | चर्च | चैत्य |
|---|---|---|---|

क) हिन्दु धर्म मान्ने मानिसहरु पूजा गर्न ...................... जान्छन् ।

ख) बौद्ध धर्म मान्ने मानिसहरु ........................... जान्छन् ।

ग) मुस्लिम धर्म मान्ने मानिसहरु ........................... जान्छन् ।

घ) इसाई धर्म मान्ने मानिसहरु ........................... जान्छन् ।

**शिक्षण निर्देशन** : चित्र र नाम पहिचान गराउँदै कक्षा क्रियाकलापलाई अगाडि बढाउनुहोस् ।

६. आफ्ना पाँच जना साथीको नाम लेखी उनीहरुले मान्ने धर्मको नाम लेख्नुहोस् :

| क.सं. | साथीको नाम | धर्मको नाम |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |

७. तपाईले आफ्नो परिवारमा मनाउने चाडहरुको नाम लेख्नुहोस्:

_______________ _______________ _______________

_______________ _______________ _______________

_______________ _______________ _______________

८. तल दिइएको कोठेपदबाट हाम्रो बगनासकाली गाउँपालिका भित्र मान्ने धर्महरु खोजेर लेख्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| म | हि | न्दु | मा | बौ |
| इ | सा | इ | न्दु | हि |
| बौ | प | प | ना | क |
| द्ध | बौ | मु | स्लि | म |

_______________ _______________

_______________ _______________

**९. तलको स्थानीय गीत (सालै जो) लय हालेर गाउनुहोस् ।**

✍ मान ब. राना

ठाडे भाषा सालै जो ।



हा हा तल पऱ्यो घोरबन्दा
राधाको खबर सुन्दा
हे ........ माथि लाई पऱ्यो बग्नासे डाँडा
सालै जो तल पऱ्यो घोरबन्दा२

हा.हा रिङ्गदै आयो सै, घुम्दै आयो
सालै जो राधाको स्वर सुन्दा
हे माया राधाको स्वर सुन्दा



हा.हा........... के मा लाउने हमेल, रोदी घर सामेल
हे ............. मोहनी मालाले, छपक्कै ढाक्यो
सालै जो, के मा लाउने हमेल
हे, राधा को बोली मोहनी रैछ
सालै जो रोदी घर सामेल
हे माया रोदी घर, सामेल२

**१०. तपाईले जानेको कुनै एउटा स्थानीय गीत कक्षाकोठामा गएर सुनाउनुहोस् :**

एकाइ पाँच

# विषय क्षेत्र : स्थानीय कला, सिप, प्रविधि

## विशिष्ट उद्देश्यः

यस एकाइभित्र समावेश गरिएका विषयवस्तुको अध्ययनपश्चात् विद्यार्थीहरु निम्न कुराहरुमा सक्षम हुनेछन्:

१. स्थानीय तहमा उत्पादन हुने सामग्रीहरुको नाम बताउन

२. स्थानीय तहमा उत्पादन हुने औजारहरुको नाम बताउन

३. स्थानीय कला आकृतिहरुको चित्र कोर्न,

## १. बगनासकाली गाउँपालिकाभित्र बनाइने स्थानीय सामग्रीहरु :



हँसिया



बन्चरो



फरुवा




कोदालो



खैजडी



पन्चे बाजा



माटाका भाँडाहरु



कुचो



गाग्री



अम्खरा




ताउलो




पलङ



बाँसुरी



नाम्लो



सुपो


ढिकी


मदानी


मादल


ढाकर


बगनासे चापी


हलो


झाँतो


ठेको

**शिक्षण निर्देशन**: चित्रहरुको सहायताले गाउँपालिकाभित्र उत्पादित हुने सामग्रीहरुको बारेमा छलफल गराउनुहोस् ।

## २. तलको पाठ पढ्नुहोस्:

हाम्रो बगनासकाली गाउँपालिका स्थानीय सिप र कलामा धनी छ । यहाँ बस्ने मानिसहरुले आफ्नो ज्ञान, सिप र कलाको प्रयोग गरी सामानहरु बनाउँछन् । यहाँ हसियाँ, कोदालो, डोको, नाम्लो, बन्चरो, बाजाहरु, डिकी, झाँतो, बगनासे चाँपी, माटाका भाँडा, गाग्री, ताउली, अम्खोरा, काठका बुट्टेदार पलङ आदि बनाइन्छ । आफ्नो सिपको सदुपयोग गरेर सामानहरु बनाउने र घरमा प्रयोग गर्ने गरिन्छ । आफूलाई बढी भएको सामान बजारमा लगेर बेचिन्छ । आ-आफ्नो सिप, कला र क्षमताको प्रयोग गरेर सामानहरुको निर्माण गरिएको छ । यसले यहाँका मानिसहरुलाई आत्मनिर्भर बन्न सिकाइएको छ ।

## ३. खाली ठाउँमा मिल्ने शब्द छानेर लेख्नुहोस्:

| हँसिया | मादल | कोदालो | माटो | ढिकी |
|---|---|---|---|---|

क) धान कुट्न ..........................प्रयोग गरिन्छ ।

ख) गीत गाउँदा ...................... बजाइन्छ ।

ग) घाँस काट्न ...................... चाहिन्छ ।


घ) खेतबारी खन्न .................... चाहिन्छ ।

ङ) हाँडी ................... बाट बनाइन्छ ।

**शिक्षण निर्देशन:** पाठलाई सस्वर बाचन गराउनुहोस् । पाठभित्र भएका मुख्य उत्पादनका सामग्रीबारे छलफल गराउँदै विद्यार्थी अभ्यासलाई जोड दिनुहोस् ।

## ४. तल दिइएका चित्र हेरेर नाम लेख्नुहोस् ।













**शिक्षण निर्देशन**: अभ्यासलाई विद्यार्थी केन्द्रित गरी लिखित तथा मौखिम छलफल गराउनुहोस ।

## ५. सामान र नाम बिच जोडा मिलाउनुहोस्:

कोदालो



हँसिया



डोको



ताउलो



खैंजडी



हाँडी



६. तपाईंको घरमा स्थानीय तहमा नै बनाइएका कुन कुन सामान प्रयोग गर्नुहुन्छ ? लेख्नुहोस् ।

**जस्तै:** कोदालो

१. ..............................   २. ........................   ३. ...........................

४. ..............................   ५. ........................   ६. ...........................

७. चित्र बनाइ रङ लगाउनुहोस् :

डोको

कोदालो

गाग्री

कुचो

हाँडी


हलो

**८. तपाईको घर वरपर तल दिइएका सामानहरु कुन बन्छ ? कुन बन्दैन ? हेरेर बन्ने सामानको तलपट्टी (✓) चिन्ह र नबन्ने सामानको तलपट्टी (×) चिन्ह लगाउनुहोस्:**

१. 

२. 

३. 

४. 

५. 

६. 

७. 

८. 

९. 

**परियोजना कार्य:**

स्थानीय तह (बगनासकाली गाउँपालिका) भित्र कुनै सामान बनाईने स्थानमा विद्यार्थीहरुलाई अवलोकन गराई उक्त सामान कसरी बनाइने रहेछ भन्ने बारेमा छलफल गराउनुहोस् ।

एकाइ छ

## विषय क्षेत्र : प्रसिद्ध धार्मिक, सांस्कृतिक ऐतिहासिक तथा पर्यटकीय स्थल

### विशिष्ट उद्देश्य :

यस एकाइभित्र समावेश गरिएका विषयवस्तुहरुको अध्ययनपश्चात् विद्यार्थीहरु निम्न कुरामा सक्षम हुनेछन्:

१. गाउँपालिका भित्रका प्रसिद्ध धार्मिक तथा सांस्कृतिक स्थलहरुको नाम बताउन

२. गाउँपालिका भित्रका प्रसिद्ध ऐतिहासिक तथा पर्यटकीय स्थलहरुको नाम बताउन


३. धार्मिक तथा पर्यटकीय स्थलहरुको अवलोकनमा सहभागिता जनाउन,

## प्रसिद्ध धर्मिक तथा सांस्कृतिक स्थल


### १. चित्र हेरेर छलफलमा भाग लिनुहोस् :



बगनासदेवी मन्दिर



दर्लम महाकाली मन्दिर



सिद्धबाबा मन्दिर

**शिक्षण निर्देशन**: दिइएका प्रसिद्ध धार्मिक स्थलको फोटो हेरेर छलफलको माध्यमबाट कक्षा शिक्षणलाई अगाडि बढाउनुहोस्)



शिवासन मन्दिर



सिद्धगुफा मन्दिर राम्दी



राम जानकी मन्दिर



सन्तोक बौद्ध गुम्बा

## २. तलको पाठ पढ्नुहोस र सोधिएका प्रश्नहरुको उत्तर दिनुहोस्:

मेरो नाम सविना हो । म बगनासकाली गाउँपालिकामा बस्छु । आज शनिबारको दिन हो । शनिबार भएकाले विद्यालय जानु परेन बाबासँग बसेर हाम्रो गाउँपालिकाभित्र रहेका धार्मिक तथा साँस्कृतिक ठाउँको बारेमा जानकारी दिनुहोस् न ! बाबा भनेर मैले अनुरोध गरेँ । बाबाले मलाई ल ! सुन नानी भनेर ती ठाउँको बारेमा क्रमशः भन्दै जानुभयो । दर्लम महाकाली मन्दिर दर्लम, बगनासदेवी बगनास, सिद्धबाबा मन्दिर बराङ्दी, राम जानकी मन्दिर राम्दी, शिवालय मन्दिर देउराली, सन्तोक बौद्ध गुम्बा खोरबारी, शिवासन मन्दिर बराङदी लगायत धेरै छन् भन्नुभयो । समय मिलाएर हाम्रो गाउँपालिका

भित्र भएका सबै धार्मिक स्थानमा दर्शन गर्न जाउँला भनेर भन्नुभयो । मैले पनि बुबाको कुरालाई मानेर बिदा मिलाएर पालैपालो घुम्न जाने भनेर बुबालाई भने बुबाले पनि हुन्छ भन्नुभयो ।

**प्रश्नहरु:**

क) तपाई बस्ने गाउँपालिकाको नाम के हो ?

उत्तर : ........................................................................................

ख) सविना आज किन विद्यालय जानु परेन ?

उत्तर : ........................................................................................

ग) सविनाले बुबालाई के अनुरोध गरिन् ?

उत्तर : ........................................................................................

घ) राम जानकी मन्दिर कहाँ पर्छ ?

उत्तर : ........................................................................................

ङ) सविनाका बुबाले सविनालाई कहाँ जाउँला भन्नुभयो ?

उत्तर : ........................................................................................

**शिक्षण निर्देशन**: पाठसँग सम्बन्धित प्रश्नहरुको लिखित तथा मौखिकरुपमा छलफल गराउनुहोस् ।

## ३. तलका चित्र सँग धार्मिक स्थलको नाम जोडा मिलाउनुहोस्:

शिवासन मन्दिर



बगनासदेवी मन्दिर



दर्लम महाकाली मन्दिर



सिद्धबाबा मन्दिर



सन्तोक बौद्ध गुम्बा



सिद्ध गुफा



**४. तपाईंको घर नजिक रहेका कुनै ३ धार्मिक स्थलहरुको नाम लेख्नुहोस्:**

१. ...............................   २. ...............................

३. ...............................

५. तपाई अहिले सम्म गएका धर्मिक स्थलहरुको नाम लेख्नुहोस् :

१. ...............................   २. ...............................

३. ...............................   ४. ...............................

५. ...............................   ६. ...............................

**६. धार्मिक स्थलमा जाँदा तपाईलाई कस्तो महसुस हुन्छ? आफ्नो अनुभव बताउनुहोस् ।**

**शिक्षण निर्देशन:** दिइएका अभ्यास बाहेक शिक्षकले थप प्रश्नहरुको निर्माण गरी अभ्यास गराउनुहोस् ।

# पर्यटकीय स्थलहरु

१. तलका चित्र हेर्नुहोस्:


नायर डाँडा


माडी फाँट


राम्दी पुल


बगनासदेवी मन्दिर


शिवासन मन्दिर


दर्लम महाकाली मन्दिर

क) माथिको चित्रमा के के देख्नुभयो ?

ख) माथिका पर्यटकीय स्थल मध्ये तपाई कुन कुन ठाउँमा जानुभएको छ ?

ग) तपाईको घरबाट कुन स्थान नजिक छ ?

**शिक्षण निर्देशन:** विद्यार्थीहरुलाई गाउँपालिकाभित्रका पर्यटकीय स्थलहरुको बारेमा जानकारी दिई अभ्यासलाई अगाडि बढाउनुहोस् ।

२. **बगनासकाली गाउँपालिका भित्र रहेका पर्यटकीय स्थानहरुको बारेमा विद्यार्थीहरुलाई जानकारी दिनुहोस्:**

३. **पाठ पढ्नुहोस् ।**

मानिसहरु फरक फरक रुचि भएका हुन्छन् । ती रुचि मध्ये घुमफिर पनि एक हो । मानिसहरु रमणीय ठाउँहरुको भ्रमण गर्न रुचाउँछन् । बगनासकाली गाउँपालिका भित्र पनि त्यस्ता धेरै रमणीय ठाउँहरु रहेका छन् । ती ठाउँहरुको संरक्षण गरी पर्यटकलाई घुमाउन सके धेरै आम्दानी गर्न सकिन्छ । त्यहाँबाट आएको पैसाले बगनासकाली गाउँपालिकाको विकास गर्न सकिन्छ । नायरडाँडा, माडीफाँट, दर्लममहाकाली बगनासदेवी मन्दिर, कालीगण्डकी नदी आदि यहाँका प्रमुख पर्यटकीय स्थान हुन् । रमाइलो ठाउँमा घुमफिर गरेर मानिसहरुले आनन्द लिने गर्छन् ।

४. **खाली ठाउँ भर्नुहोस्:**

| घुमफिर | रुचि | रमणीय | आनन्द | पैसा |
|---|---|---|---|---|

क) घुमफिर गरेर मानिसहरुले .............................. लिन्छन् ।

ख) मानिसका रुचिमध्ये ........................... पनि एक हो ।

ग) मानिसहरु ........................ ठाउँको भ्रमण गर्छन् ।

घ) मानिसहरु फरक फरक .............................. भएका हुन्छन् ।

ङ) पर्यटकबाट घुमफिर गरे अनुसारको ......................... लिइन्छ ।

## ५. ठिक भए (✓) चिन्ह र बेठिक भए (×) चिन्ह लगाउँनुहोस् :

क) मानिसहरु घुमफिर गर्दैनन् ।

ख) रमाइलो ठाउँमा मात्र घुमफिर गरिन्छ ।

ग) दर्लममहाकाली मन्दिर यम्घामा पर्छ ।

घ) पर्यटक आउँदा गाउँपालिकालाई फाइदा हुन्छ ।

ङ) राम्दीपुल तानसेनमा पर्छ ।

## परियोजना कार्यः

क) विद्यार्थीहरुलाई कुनै धार्मिक स्थलको अवलोकन भ्रमण गराउनुहोस र त्यहाँका विशेषताबारे बताइदिनुहोस् ।

ख) बगनासकाली गाउँपालिकाभित्र रहेका पर्यटकीय स्थलहरुको पालैपालो रुपमा अवलोकन भ्रमण गराउनुहोस् ।

**शिक्षण निर्देशनः** विषयवस्तु अनुसार थप प्रश्नहरु समेत निर्माण गरी पर्यटकीय स्थलको बारेमा जानकारी दिनुहोस् ।

एकाइ सात

## विषय क्षेत्र : प्रचलित स्थानीय संस्कार

### विशिष्ट उद्देश्यः

यस एकाइमा रहेका विषयवस्तुको अध्ययनपश्चात् विद्यार्थीहरु निम्न कुराहरुमा सक्षम हुनेछन्:

१. स्थानीय समुदायमा प्रचलित संस्कारहरुको नाम बताउन,

२. स्थानीय संस्कारहरुमा सक्रिय सहभागी हुन,

३. स्थानीय संस्कारहरुको बारेमा सामान्य धारणा व्यक्त गर्न,

### १. तल दिइएका चित्रहरु हेरेर छलफलमा भाग लिनुहोस्:



विवाह



पास्नी



न्वारन



छैठी



वेलविवाह (इहि)



मृत्यु संस्कार




श्राद्ध




दाहसंस्कार



भूमे पूजा



कूल पूजा



अर्घो



चण्डी पर्व

**प्रश्नहरु:**

अ) माथि दिइएका चित्रहरु केसँग संम्बन्धित छन् ?

उत्तर : ........................................................................................

आ) माथि दिइएका सँस्कारमध्ये तपाई कुन-कुन संस्कारमा सहभागी हुनुभएको छ ?

उत्तर : ........................................................................................

इ) बेलविवाह कुन जातिमा गरिन्छ ?

उत्तर : ........................................................................................

ई) भूमे पूजा कुन जातिले गर्छन् ?

उत्तर : ........................................................................................

उ) तपाईको समुदायमा मानिसको मृत्यु पछि कहाँ लगेर अन्तिम संस्कार गरिन्छ ?

उत्तर : ........................................................................................


**शिक्षण निर्देशन**: स्थानीय रुपमा प्रचलित संस्कारहरु बारे कक्षामा चित्रका आधारमा क्रियाकलाप सहित छलफल गर्नुहोस् ।

२. दिइएका चित्रहरु कुन संस्कारसँग संम्बन्धित छन् ? चित्र हेरेर नाम लेख्नुहोस्:



विवाह











**शिक्षण निर्देशन:** स्थानीय संस्कारसँग सम्बन्धित क्रियाकलापको आधारमा चित्रहरुको पहिचान गराउनुहोस् ।

## ३. तल दिइएको पाठ पढ्नुहोस् र प्रश्नको उत्तर लेख्नुहोस् :

हाम्रो बगनासकाली गाउँपालिका स्थानीय संस्कारमा धनी छ । यहाँ फरक-फरक जाति अनुसार संस्कार पनि फरक-फरक छन् । केही संस्कार गाउँपालिकामा बस्ने सबै जातिसित मिल्छ भने केही संस्कार एउटा जातिसँग मात्र मिल्छ । संस्कारले मानिसले चालचलनलाई बुझाउँछ । संस्कारले हामीलाई अनुशासनको पाठ सिकाउँछ । संस्कार बिनाको समाज कहीँ पनि हुँदैन । अहिले चलिरहेका संस्कारहरु हाम्रा पुर्खाहरुले हामीलाई छाडेर गएका हुन् । हाम्रो समाजमा रहेका र चलेका राम्रा संस्कारहरुलाई जोगाउनु हामी सबैको साझा कर्तव्य हो ।

**प्रश्नहरु:**

अ) बगनासकाली गाउँपालिका केमा धनी छ ?

---

आ) संस्कारले केलाई जनाउँछ ?

---

इ) संस्कारले हामीलाई के सिकाउँछ ?

---

ई) हामीलाई संस्कार कसले छोडेर गएका हुन् ?

---

उ) राम्रा संस्कारलाई जोगाउनु हाम्रो कस्तो कर्तव्य हो ?

---

**शिक्षण निर्देशन** : पाठलाई व्यक्तिगत रुपमा पालै पालो पढ्न सहयोग गर्नुहोस र पाठका आधारमा दिइएका क्रियाकलापहरु गराउनुहोस् ।

**४. तल दिइएका संस्कार र चित्र बिच जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| विवाह |  |
| न्वारन |  |
| वेल विवाह |  |
| दाहसंस्कार |  |
| भूमे पूजा |  |

**५. तपाईको घरमा कुन-कुन संस्कार गर्नुहुन्छ ? लेख्नुहोस् :**

१. श्राद्ध  २. ____________  ३. ____________

४. ____________  ५. ____________

**६. तल दिइएका शब्द समूहबाट स्थानीय संस्कारको नाम खोजेर गोलो घेरा (O) लगाउनुहोस्:**

**जस्तै:-**

| | | |
|---|---|---|
| क) दशैँ | (श्राद्ध) | तिहार |
| ख) विवाह | तीज | नाच |
| ग) नदी | ताल | वेलविवाह |
| घ) भूमे पूजा | तिहार | तीज |
| ङ) गाईजात्रा | न्वारन | तिहार |
| च) जङ्गल | नदी | कूल पूजा |

**परियोजना कार्य**

१. स्थानीय रुपमा प्रचलित संस्कारहरुमा विद्यार्थीहरुलाई प्रत्यक्ष सहभागी बनाएर त्यसका विशेषता र क्रियाकलापहरु बारे जानकारी गराउनुहोस् ।

एकाइ आठ

# विषय क्षेत्र : स्थानीय स्तरमा प्रचलित खेल

## विशिष्ट उद्देश्य :

यस एकाइभित्र रहेका विषयवस्तुको अध्ययनपश्चात् विद्यार्थीहरु निम्न कार्यमा सक्षम हुनेछन्:
१. स्थानीय स्तरमा खेलिने खेलहरुको नाम बताउन,
२. आफ्नो क्षमता अनुसारको स्थानीय खेलहरुमा सहभागी हुन
३. आफ्नो घरमा रहेका खेलौनाका नाम बताउन,
४. कथामा आधारित खेलहरु खेल्न,

## १. तलका चित्रहरु हेरेर छलफलमा भाग लिनुहोस्:

### हाम्रो गाउँपालिकाभित्र खेलिने खेल



भलिबल



फुटबल



क्रिकेट



चुन्नी खेल




क्यारेम बोर्ड



लुडो



ब्याडमिन्टन



बाघ चाल



डोरी खेल



गुच्चा खेल

**मौखिक उत्तर दिनुहोस्:**

अ) तपाईलाई कुन खेल मन पर्छ ?

आ) तपाई को सँग खेल्नुहुन्छ ?

इ) दिइएका खेल मध्ये तपाईको विद्यालय र समाजमा कुन खेल बढी खेलिन्छ ?

## २. खेल र चित्रबिच जोडा मिलाउनुहोस् :

फुटबल



क्रिकेट



ब्याडमिन्टन




लुडो



गुच्छा



चुन्नी



**शिक्षण निर्देशन** : शिक्षक सहजकर्ता बनेर खेलको बारेमा विद्यार्थी क्रियाकलापलाई जोड दिई शिक्षणलाई अगाडि लैजानुहोस् ।

## ३. खाली ठाउँमा मिल्ने शब्द राखेर वाक्य पूरा गर्नुहोस्:

| जुत्ता | नेट | रबर | डोरी | कक् |
|---|---|---|---|---|

क) ब्याडमिन्टन खेलको लागि .......................... चाहिन्छ ।

ख) डोरी नाघ्ने खेलको लागि .......................... चाहिन्छ ।

ग) भलिबल खेलको लागि .......................... चाहिन्छ ।

घ) चुन्नी खेलको लागि .......................... चाहिन्छ ।

ङ) फुटबल खेलको लागि .......................... चाहिन्छ ।

## ४. तल दिइएको चित्र हेरेर खेलको नाम लेख्नुहोस् :











**५. तपाई अहिलेसम्म कुन कुन खेलहरु खेल्नुभएको छ ? शिक्षकलाई भन्नुहोस् ।**

**६. चित्र हेर्नुहोस् र भन्नुहोस्:**



क) माथि चित्रमा के के देख्नुभयो ?

ख) माथि दिइएका खेलौनाका चित्रमध्ये तपाईको घरमा के के रहेका छन् ?

ग) तपाईले आफ्ना खेलौनाका सामानहरु कहाँ जतन गरेर राख्नुहुन्छ ?

घ) तपाईलाई कुन खेलौना मन पर्छ ?

**शिक्षण निर्देशन** : विद्यार्थीलाई लिखित र मौखिक क्रियाकलापमा सहभागी बनाएर कक्षा शिक्षण गर्नुहोस् ।

### ७. ढुकुर र कमिलाको कथामा खेल खेलौँ :








एक दिन कमिलो खानाको खोजीमा
खोलाको किनार तिर लाग्यो ।
त्यही बेलामा ठूलो पानी पर्‍यो ।
खोला बढेर आयो । कमिलोलाई
खोलाले बगाउन थाल्यो । त्यो
कमिलो आत्तिएको एउटा रुखमा
बसिरहेको ढुकुरले देख्यो । उसले
रुखबाट एउटा पात टिपेर खोलामा
फालिदियो । कमिलो पात माथि आउन
सफल भयो । पातलाई पानीले बगाउँदै
खोलाको किनारा तर्फ लग्यो । कमिलो
खोलाको किनाराबाट माथि निस्कियो
र बाँच्न सफल भयो ।
केही दिन पछि त्यही ढुकुर रुखमा बसेर काफल
खाइरहेको थियो । त्यसैबेला एकजना सिकारी
बन्दुक बोकेर जङ्गल तर्फ आइरहेको थियो ।
सिकारीले ढुकुरलाई देख्यो । ढुकुरलाई मार्न
बन्दुक सोझो पार्न लागेको कुरा कमिलाले देख्यो
र खुरुखुरु दौडेर आई कमिलाले सिकारीको
खुट्टामा टोकिदियो । बन्दुक भुँइमा खसेर पड्कियो ।
ढुकुर रुखबाट उडेर पारीको जङ्गलतिर लाग्यो ।
ढुकुर बच्न सफल भयो ।

अ) कमिलो र ढुकुर बनेर कथाको आधारमा खेलको अभिनय गराउनुहोस् ।

**परियोजना कार्य:**

अ) विद्यार्थीहरुलाई गाउँपालिका भित्र आयोजना गरिएको कुनै खेलको अवलोकन गराउनुहोस् ।

आ) स-साना बाल कथाहरु खोजेर त्यस कथामा भएका पात्रहरु विद्यार्थीहरुलाई बनाएर खेल खेलाउनुहोस् ।

एकाइ नौ

# विषय क्षेत्र : स्थानीय प्राकृतिक स्रोत तथा साधन


**विशिष्ट उद्देश्यहरु:**

यस एकाइमा रहेको विषयवस्तुको अध्ययनपश्चात् विद्यार्थीहरु निम्न कुरामा सक्षम हुनेछन्:

१. स्थानीय मुख्य जडीबुटीहरुको नाम बताउने,
२. स्थानीय स्तरमा पाइने खनिजहरुको नाम बताउन,
३. स्थानीय प्राकृतिक स्रोतहरुको नाम बताउन,

## १. चित्र हेरौं र छलफल गरौं :

**हाम्रो बगनासकाली गाउँपालिका भित्रका केही प्राकृतिक स्रोत तथा साधनहरु:**


माडी खोला


जंगल


दर्लम खोला



बैकुण्ठे झरना




तामा खानी



कालो माटो



ढुङ्गा गिट्टी



यम्घा खोला



कमेरे माटो

**शिक्षण निर्देशन:** माथि चित्रमा दिइएका प्राकृतिक स्रोतहरुको चित्रबारे छलफल गराइ प्राकृतिक स्रोतको सामान्य धारणा दिनुहोस् ।

अ) माथिको चित्रमा के के देख्नुभयो ?

उत्तर : ..........................................................................................

आ) माथि दिइएका चित्रहरुमध्ये तपाईको घर नजिक के छ ?

उत्तर : ..........................................................................................

इ) माथि दिइएका चित्रमध्ये तपाईले कुन कुन देख्नुभएको छ ?

उत्तर : ..........................................................................................

## २. दिइएको पाठ पढेर उत्तर लेख्नुहोस्:

हाम्रो बगनासकाली गाउँपालिका प्राकृतिक स्रोत तथा साधनमा धनी छ । यहाँ बनजङ्गल धेरै छन् । झरना, खोला, कमेरे माटो, भाँडा बनाउने कालो माटो, ढुङ्गा गिट्टी साथै तामा खानी पनि रहेको अनुमान छ । यहाँको सुन्दरताले हामी सबैलाई मोहित बनाएको छ । हामीले तिनै प्राकृतिक साधनहरुको उपयोग गरेर हाम्रो जीवनलाई सहज बनाएका छौँ ।

क) हाम्रो गाउँपालिका भित्र पाइने कुनै तीन वटा प्राकृतिक स्रोतहरुको नाम लेख्नुहोस् ।

१. ________________ २. ________________ ३. ________________

ख) प्राकृतिक सुन्दरताले हामीलाई के बनाएको छ ?

उत्तर______________________________________________________________

ग) हाम्रो गाउँपालिकामा के को खानी रहेको अनुमान छ ?

उत्तर______________________________________________________________

## ३. जोडा मिलाउनुहोस्:

चित्र

जङ्गल



खोला



झरना



कमेरे माटो



ढुङ्गा



**३. तपाईले सुनेका वा चिनेका कुनै ५ वटा प्राकृतिक स्रोतहरुको नाम शिक्षकलाई सुनाउनुहोस् ।**

**शिक्षण निर्देशन**: दिइएका क्रियाकलापहरुलाई पढ्न लगाउने साथै शिक्षकले सहजीकरण गरी विद्यार्थी अभ्यासलाई जोड दिनुहोस् ।)

# बगनासकाली गाउँपालिका भित्र पाइने केही जडिबुटी

१. तल दिइएका जडीबुटीहरुको चित्र हेरी नाम पढ्नुहोस्:



अपाङ



टिमुर



सिकारी लहरो




पुदिना



निम



बकाइनो


टोप्रे झार


श्रीखण्ड चन्दन


अमला



लसुन


घ्यूकुमारी


सिस्नो


अदुवा


बेसार


मेथी



लालीगुँरास




गाँजा



धतुरो



भूँई अमला




बेल



पारिजात



तितेपाती



कुरिलो



काफल



बोझो



वयर



तेजपात



चुत्रो



हर्रो



चिनी लहरो



तुलसी



दुबो



पिपला

## २. तपाईले अहिलेसम्म देखेका वा चिनेका कुनै पाँच वटा जडीबुटीको नाम शिक्षकलाई भन्नुहोस् :

१................................ २................................ ३................................

४................................ ५................................

## ३. तलको चित्र हेरी नाम लेख्नुहोस् :





__________________ __________________ __________________




__________________ __________________

**शिक्षण निर्देशन:** जडीबुटीका नामहरु चित्र हेरेर पढ्न लगाउनुहोस् साथै ती मध्ये आफ्नो आफ्नो घरमा भएका जडीबुटीको नाम भन्न लगाउनुहोस् ।

४. तपाईलाई मन पर्ने कुनै तीन वटा जडीबुटीको चित्र बनाई उपयुक्त रङ्ग भर्नुहोस् :

## ५.तलको पाठ पढेर उत्तर भन्नुहोस्:

जडीबुटी भनेको हाम्रो परम्परगत औषधी हो। यो हाम्रो घर वरपर पाइन्छ। यसको सेवन गर्नाले रोगहरु निको हुन्छन् । यसलाई हामीले घरमा नै बनाउन सकिन्छ । अस्पतालमा पाइने औषधी भन्दा जडिबुटी सस्तो हुन्छ। जडिबुटीबाट कम पैसाले औषधी बनाउन सकिन्छ। हामीले यसलाई आफ्नो खेत बारीमा लगाएर तयार गर्न सकिन्छ।

**प्रश्नहरु:**

क) हाम्रो परम्परागत औषधी के हो ?

______________________________

ख) जडीबुटीबाट औषधी कहाँ बनाउन सकिन्छ ?

______________________________

ग) जडीबुटी खानाले के निको हुन्छ ?

______________________________

घ) जडीबुटीलाई हामीले कहाँ लगाउन सक्छौँ ?

______________________________

ङ) के को औषधी बनाउन पैसा कम लाग्छ ?

______________________________

**शिक्षण निर्देशन:** विषयवस्तु अनुसार जडिबुटीबारे अन्य थप अभ्यास निर्माण गरी छलफल गराउन्होस् ।

## ६. तल दिइएका जडीबुटीको चित्र र नाम सँग जोडा मिलाउनुहोस्:

जडीबुटिको नाम | जडिबुटीको चित्र | जडीबुटीको नाम



पुदिना



तेजपात



टिमुर

अदुवा





अमला

तुलसी





लसुन


मेथी



पानी अमला

कुरिलो





## ७. तलको गीत लय हालेर गाउनुहोस् :

✍ शालिकराम ढुङ्गाना

जडीबुटी खोजेर
ल्याउ साथी घरमा
जति पनि पाइन्छ
हाम्रो बगनासकालीमा ।



जडीबुटी खाएर
निको हुने पीडा नि !
मीठो मानी खान्छु
रस बनाइ दिँदा नि !



ओखती मानेर
खाऊँ साथी यसलाई
जडीबुटी बेचेर
धनी बनाउँ देशलाई



**शिक्षण निर्देशन**: बाल गीतलाई शिक्षकले सर्वप्रथम गाएर सुनाउने, विद्यार्थीहरुलाई सोही अनुसार गाउन लगाउने र प्रश्नहरु निर्माण गरी छलफल गराउने ।

## ८. तलको वर्ण तालिकाबाट वर्णहरु मिलाई पाँच वटा जडीबुटीको नाम पत्ता लगाउनुहोस् :

| | | | | | | |
|---|---|---|---|---|---|---|
| आ | म | कि | तु | न | ई | ल |
| ग | नि | म | ल | फि | बा | क |
| अ | दु | वो | सी | टि | मु | र |
| का | बो | लु | क | म | ला | प |
| फ | र्सी | वा | प | अ | म | ला |
| ल | वा | न | जा | चु | त्रा | म |

क) ____________ ग) ____________ ङ) ____________

ख) ____________ घ) ____________

**परियोजना कार्य :**

क) शिक्षक साथीहरुले बालबालिकाहरुलाई विद्यार्थीको घर वा विद्यालय नजिक रहेका प्राकृतिक स्रोतहरुको अवलोकन भ्रमण गराउनुहोस् ।

ख) शिक्षकले विद्यार्थीहरुलाई आफ्नो घर वा घर वरपर पाइने जडीबुटीहरु विद्यालयमा ल्याउन लगाइ संङ्कलन गरी नाम सहित जडीबुटीको प्रर्दशन गराउनुहोस् ।

## एकाइ दश

## विषय क्षेत्र : स्थानीय पेसा व्यवसाय

### विशिष्ट उद्देश्य:

यस एकाइभित्र समेटिएका विषयवस्तुको अध्ययनपश्चात् विद्यार्थीहरु निम्न कार्यहरु गर्न सक्षम हुनेछन्:

१. बगनासकाली गाउँपालिका भित्रका मानिसहरुले गर्ने पेसाहरुको नाम बताउन,



२. आफ्नो घरपरिवारको पेसा पहिचान गर्न,

### १. चित्र हेरेर पहिचान गर्नुहोस्:











**शिक्षण निर्देशन:** माथिका चित्रहरुको सहायताले स्थानीय पेसा व्यवसायबारे धारणा दिनुहोस् ।

अ) के तपाईंको घरमा पनि यस्ता काम हुन्छन् ?

आ) तपाईंको घरमा कसले के काम गर्नुहुन्छ ?

इ) के तपाई पनि घरको काममा सहयोग गर्नुहुन्छ ?

## २. तल दिइएको पाठ पढ्नुहोस र उत्तर दिनुहोस्:

हामी पाल्पा जिल्लाको बगनासकाली गाउँपालिकामा बस्छौं । हामी काम नगरी बाँच्न सक्दैनौ । हामी सबैको घरमा एउटा प्रमुख पेसा रहेको हुन्छ । यहाँ लुगा सिलाउने, गहना बनाउने, भाँडाकुडा बनाउने, घर बनाउने, काठका सामान बनाउने, गाई पालन, भैंसी पालन, कुखुरा पालन, बङ्गुर पालन, डोका नाम्ला बुन्ने, काली गण्डकीमा माछा मार्ने, बगनासे साँचो बनाउने, पसलमा सामान बेच्ने जस्ता पेसा व्यवसाय गरी घरको खर्च चलाउने गर्नुहुन्छ । यहाँका सबैले गर्ने कामको सम्मान गरिन्छ । कामको आधारमा कोही ठूलो कोही सानो हुँदैन । सबैले आफुले सकेको काम गरेर जीवनको गुजारा गरेका छन् ।

**प्रश्नहरु :**

अ) हामी बाँच्नको लागि के गर्नुपर्छ ?

उत्तर : ......................................................................................

आ) तपाईंको बुबा आमाले के काम गर्नुहुन्छ ?

उत्तर : ......................................................................................

इ) तपाईंको छिमेकमा गरिने कुनै दुई पेसाको नाम लेख्नुहोस् ।

उत्तर १ ........................................... २...........................................

उ) के को आधारमा मानिस सानो ठूलो हुँदैनन् ?

उत्तर : ......................................................................................

**शिक्षण निर्देशन:** माथिको पाठ सबै विद्यार्थीलाई पालैपालो पढ्न लगाउनुहोस् र त्यसभित्रका विषयवस्तुबारे विद्यार्थीबिच छलफल गराउनुहोस् ।

३. बगनासकाली गाउँपालिका भित्र बसोबास गर्ने मानिसले गर्ने कुनै ५ वटा कामहरु लेख्नुहोस् :


क) खेतीपाती    ख) ............................    ग) ............................

घ) ....................    ङ) ..............................    च)............................

४. दिइएका चित्र हेरेर पेसा व्यवसायको नाम लेख्नुहोस् ।



कृषि











**शिक्षण निर्देशनः** माथि दिइएका क्रियाकलाप जस्तै अन्य क्रियाकलापहरु छनोट गरी अभ्यास गराउनुहोस् ।

## ५. तलका वाक्य पढेर सही भए (✓) चिन्ह र गलत भए (×) चिन्ह लगाउनुहोस्:

क) हाम्रो बगनासकाली गाउँपालिकामा धेरै मानिसले खेतीपातीको काम गर्छन् । ☐

ख) बगनासकाली गाउँपालिकामा हवाइजहाज बनाइन्छ । ☐

ग) खेती गर्ने मानिसलाई पसले भनिन्छ । ☐

घ) हाम्रो गाउँपालिकामा बगनासे साँचो बनाइन्छ । ☐

ङ) हाम्रो गाउँपालिकामा सुन चाँदीका गहना बनाइन्छ । ☐

## ६. तपाईको घरमा को-कसले के के काम गर्नुहुन्छ ? लेख्नुहोस् :

बुबा ____________________

आमा ____________________

दाइ ____________________

दिदी ____________________

हजुरबुबा ____________________

हजुरआमा ____________________

## ७. गाउँपालिका भित्र बसोबास गर्ने मानिसका आम्दानीका स्रोतहरु लेखेर साथीलाई सुनाउनुहोस् :

१. पशुपालन  २.__________  ३. __________

४. __________  ५. __________  ६. __________

**परियोजना कार्य :**

विद्यालय नजिकै रहेको कुनै पेसा व्यवसाय सञ्चालन भइरहेको ठाउँमा विद्यार्थीहरुलाई अवलोकन भ्रमण गराई स्थानीय पेसाबारे जानकारी गराउनुहोस् ।

**शिक्षण निर्देशन** : विद्यार्थीहरुलाई आफ्नो घरका सदस्यहरुले गर्ने काम र आम्दानीका स्रोत बारे छलफल गराउनुहोस् ।

एकाइ एघार

## विषय क्षेत्र : स्थानीय सरकारी तथा गैरसरकारी संस्था

**विशिष्ट उद्देश्य :**

यस एकाइभित्र रहेका विषयवस्तुको अध्ययनपश्चात् विद्यार्थीहरु निम्न कुराहरुमा सक्षम हुनेछन्:

१. स्थानीय सरकारी संस्थाहरुको पहिचानका आधारमा नाम बताउन,

२. स्थानीय गैरसरकारी संस्थाहरुको पहिचानका आधारमा नाम बताउन,

### स्थानीय सरकारी संस्था

**तलका चित्र हेरौँ र छलफल गरौँ**

**बगनासकाली गाउँपालिका भित्र रहेका केही सरकारी संस्थाहरु**



विद्यालय




हुलाक



स्वास्थ्य चौकी



प्रहरी विट



बैंक



गाउँपालिका भवन



सामुदायिक सिकाई केन्द्र



आयुर्वेदिक औषधालय

**शिक्षण निर्देशन :** बगनासकाली गाउँपालिकाभित्र रहेका सरकारी संस्थाहरुको बारेमा माथि दिइएका चित्रलाई आधार मानेर छलफल गराउनुहोस् ।

## १. दिइएका चित्रहरुको आधारमा तलका प्रश्नहरुको छलफल गराउनुहोस् :

क) माथि दिइएका चित्रमा के के देख्नुभयो ?

ख) तपाईले माथि हेरेका चित्रहरुमध्ये तपाईको घर नजिक कुन छ ?

ग) विद्यालयमा हामी किन जान्छौँ ?

घ) तपाई विरामी हुँदा उपचार गर्न जाने नजिकको स्वास्थ्य चौकीको नाम के हो ?

ङ) चिठीपत्र कुन कार्यालयमा पठाइन्छ ?

## २. पढेर प्रश्नको उत्तर लेख्नुहोस्:

म बगनासकाली गाउँपालिकाको दर्लमडाँडा भन्ने ठाउँमा बस्छु । मेरो गाउँपालिकामा विद्यालय, हुलाक, स्वास्थ्य चौकी, बैङ्क, प्रहरी कार्यालय, कृषि कार्यालय, अयुर्वेद औषधालय, गाउँकार्यपालिका, सामुदायिक सिकाइ केन्द्र जस्ता सरकारी संस्थाहरु छन् । सबै संस्थाले आ-आफ्नो ठाउँबाट हामीलाई सेवा दिएका छन् ।

अ) तपाई बगनासकाली गाउँपालिकाको कुन ठाउँमा बस्नुहुन्छ ?

उत्तर : ..........................................................................................

आ) तपाईको घर नजिक रहेको सरकारी संस्थाको नाम लेख्नुहोस् ।

उत्तर : ..........................................................................................

इ) तपाईले जानेको कुनै तीन वटा सरकारी संस्थाको नाम लेख्नुहोस् ।

उत्तर : ..........................................................................................

**शिक्षण निर्देशन**: माथिको पाठ पालैपालो पढ्न लगाउनुहोस् र प्रश्नहरुबारे छलफल गराउनुहोस्।

**३. तल दिइएको पहिलो अक्षरबाट आउने सरकारी संस्थाको नाम लेख्नुहोस् ।**

| | |
|---|---|
| हु= हुलाक | वि= |
| बै= | प्र= |
| स्वा= | सा= |

**४. तल दिइएका संस्थाहरुको नामबाट सरकारी संस्था कुन हो चिनेर गोलो घेरा (◯) लगाउनुहोस् ।**

**जस्तैः**

| | | |
|---|---|---|
| अ) पसल | (हुलाक) | क्लब |
| आ) कृषि भवन | नदी | पसल |
| इ) क्लब | आमा समूह | विद्यालय |
| ई) स्वास्थ्य चौकी | बाटो | किताब |
| उ) पसल | प्रहरी चौकी | खाजा घर |
| ऊ) नाच घर | गाउँपालिका भवन | फिलिम घर |

**५. परियोजना कार्य**

विद्यार्थी भाइबहिनीहरुलाई पायक पर्ने सरकारी संस्थाहरुमा लगेर त्यहाँ हुने गतिविधिबारे जानकारी गराउनुहोस् ।

**शिक्षण निर्देशनः** हरेक विद्यार्थीहरुलाई सरकारी संस्थाहरुको नाम लिखित र मौखिक दुबै तरिकाले भन्न लगाउनुहोस् ।

# स्थानीय गैरसरकारी संस्था

## चित्र हेरौं र छलफल गरौं :


### बगनासकाली गाउँपालिका भित्र रहेका केही गैरसरकारी संस्थाहरु



आमा समूह



युवा क्लब




सहकारी संस्था



रेडा कार्यालय






बोर्डिङ स्कुल

**शिक्षण निर्देशन:** गाउँपालिका भित्र रहेका गैरसरकारी संस्थाहरुको बारेमा चित्र हेरेर छलफल गर्नुहोस् ।

## १. माथि दिइएका चित्रहरुको आधारमा तलका प्रश्नहरुको मौखिक छलफल गर्नुहोस् :

क) माथि दिइएका चित्रमा के-के देख्नुभयो ?

उत्तर : ..........................................................................................


ख) दिइएका चित्रहरुमध्ये तपाईको घर नजिक कुन कुन संस्था छन् ? भन्नुहोस् ।

उत्तर : ..........................................................................................

ग) माथि दिइएका गैरसरकारी संस्थामध्ये तपाई कुन-कुन ठाउँमा जानुभएको छ ? भन्नुहोस् ।

उत्तर : ..........................................................................................

## २. तलको आरेख चित्र हेरेर पढ्नुहोस् :




## ३. तपाईले आफ्नो गाउँपालिका भित्र रहेका कुनै पाँच वटा गैरसरकारी संस्थाको नाम लेख्नुहोस् :

क) सहकारी ख) ____________ ग) ____________

घ) ____________ ङ) ____________

**शिक्षण निर्देशन:** गैरसरकारी संस्थाहरुको विवरण पढ्न लगाइ आफूले जानेका त्यस्ता संस्थाहरुको नाम पालैपालो विद्यार्थीलाई भन्न लगाउनुहोस् ।

**४. तल दिइएका संस्थाहरुको नाम पढ्नुहोस् र कुन सरकारी र कुन गैरसरकारीमा पर्छ कोठाभित्र लेख्नुहोस् :**

विद्यालय, आमा समूह, हुलाक, गाउँपालिका भवन सरकारी, प्रहरी कार्यालय, बोर्डिङ स्कुल, बाल क्लब

| सरकारी संस्था | गैरसरकारी संस्था |
|---|---|
| १. | १ |
| २ | २ |
| ३ | ३ |
| ४ | ४ |

**५. तल दिइएको संस्थाका नामको समूहमा कुन मिल्दैन गोलो घेरा (O) लगाउनुहोस् ।**

अ) सहकारी, विद्यालय, प्रहरी भवन

आ) बाल क्लब, हुलाक, साहित्यिक संगम

इ) बोर्डिङ स्कुल, सहकारी, कृषि कार्यालय

ई) लघुवित्त, स्वास्थ्य चौकी, प्रहरी चौकी

उ) रेडा, आमा समूह, विद्यालय

**६. हाम्रो गाउँपालिका भित्र रहेका सरकारी संस्थासँग सरकारी र गैरसरकारी संस्थासँग गैरसरकारी संस्था बिच जोडा मिलाउनुहोस् ।**

| | |
|---|---|
| विद्यालय | साहित्य संगम |
| आमा समुह | प्रहरी कार्यालय |
| बाल क्लब | बोर्डिङ स्कुल |
| सहकारी | रेडा |
| स्वास्थ्य चौकी | कृषि कार्यालय |

**परियोजना कार्य:**

तपाईको विद्यालय नजिक जुन गैरसरकारी संस्थाले काम गरिरहेको छ त्यो ठाउँमा विद्यार्थी भाइबहिनीहरुलाई भ्रमण गराई त्यसको बारेमा छलफल तथा चित्र बनाउन लगाउनुहोस् ।

**शिक्षण निर्देशन:** सरकारी र गैर सरकारी संस्थाहरुको पहिचान गराउनुहोस् ।

**एकाइ बाह्र**

## विषय क्षेत्र : स्वास्थ्य र सरसफाइ

### विशिष्ट उद्देश्यः

यस एकाइमा रहेका विषयवस्तुको अध्ययनपश्चात् विद्यार्थीहरु निम्न कुरामा सक्षम हुनेछन्:

१. सरसफाइको सामान्य परिचय बताउन,

२. व्यक्तिगत रुपमा स्वच्छ र सफा रहन,

३. स्वच्छ र सफा हुन चाहिने सामग्रीहरुको नाम बताउन,

### १. चित्र हेर्नुहोस् र चित्रमा के देख्नुभयो साथीहरु बिचमा छलफल गर्नुहोस्:














**२. दिइएको पाठ पढ्नुहोस्:**

म हरेक दिन बिहान पाँच बजे उठ्छु। उठेर म आफ्नो शरीर को सरसफाइ गर्न तर्फ लाग्छु। घर वरपर कुचोले बढारेर सफा गर्छु। नचाहिने झार उखेलेर फाल्छु। म फोहर कपडाहरु आमालाई धुन भन्छु। शरीर साबुन पानीले मिचेर राम्रो गरी नुहाउँछु। हरेक दिन खाना खाएपछि ब्रसले दाँत माझ्छु। कपाल कोरीबाटी गरेर सधैं मिलाएर राख्छु। खाना खानु अगाडि सधै साबुन पानीले हात धुन्छु। हात खुट्टाका नङ सधै काट्छु। अरुको जुठो खान्न। शौचालय सधै पानी हालेर सफा गर्छु।

**शिक्षण निर्देशन:** सरसफाइमा प्रयोग गरिने ठोस सामग्रीको सहायताले सरसफाइको बारेमा छलफल गराउनुहोस्।

**३. तलका प्रश्नको मौखिक उत्तर दिनुहोस्:**

क) तपाई बिहान कति बजे उठ्नुहुन्छ ?

उत्तर : ..........................................................................................

ख) आफ्नो शरीर के ले नुहाउनु हुन्छ ?

उत्तर : ..........................................................................................

ग) दाँत सफा गर्न के के चाहिन्छ ?

उत्तर : ..........................................................................................

घ) खाना खानु अगाडि के गर्नुपर्छ ?

उत्तर : ..........................................................................................

ङ) तपाईले आफ्ना लुगा कपडा कसलाई सफा गर्न दिनुहुन्छ ?

उत्तर : ..........................................................................................

### ४. तलको बाल गीत लय हालेर पढ्नुहोस् :

✍ **दयाराज कंडेल**

शरीर मेरो चिलायो
साबुन कता बिलायो
हात खुट्टा धुनलाई
सफा सुग्घर हुनलाई


आमा यता आउनुहोस्
म कस्ती भएँ नि
कपाल कोरीबाटी गरेर
म राम्री भएँ नि


मेरो घर सफा छ
बडारबुडुर गरेर
शौचालय सफा छ
सधै पानी भरेर

नङ काट्छु बढेमा
आमालाई भनेर
मैले शरीर नुहाउँछु
दिनहरु गनेर ।


**शिक्षण निर्देशन:** बालगीतको सहायताले सरसफाइको बारेमा छलफल गराउनुहोस् ।

५. तल दिइएका सरसफाइमा प्रयोग गरिने सामानहरुको चित्र हेर्नुहोस् र छलफल गर्नुहोस्:















## ६. खाली ठाउँमा उपयुक्त शब्द भनेर वाक्य पुरा गर्नुहोस्:

क) हात धुन ................... प्रयोग हुन्छ । (नेलकटर, कुचो, पानी)

ख) साबुन पानीले शरीर .........................हुन्छ । (सेतो, सफा, मैलो)

ग) घर वरिपरिको फोहर जम्मा गरेर .............. मा फाल्नु पर्छ । (तेल, रुमाल, डस्टविन)

घ) नङ लामो भयो भने .................ले काट्नु पर्छ । (हँसिया, पत्ती, नेलकटर)

ङ) दाँत सफा गर्न ........................... चाहिन्छ । (मन्जन, काठ, साबुन)

## ७. दिइएका वर्णको प्रयोग गरी सरसफाइमा प्रयोग गरिने सामानको नाम लेख्नुहोस्:

सा .................. पा ........................ रु ........................

काँ ................... कू ........................ म .........................

**शिक्षण निर्देशन**: सरसफाइका सामग्रीको सहायताले सरसफाइ सम्बन्धी धारण विद्यार्थीहरुलाई स्पष्ट पार्नुहोस् ।

## ८. तपाईको घर वरपर घुम्नुहोस् । सरसफाइको अवस्था कस्तो छ चिह्न (✓) लगाऔं:

| ठाउँ | सफा छ | फोहर छ |
|---|---|---|
| घरको भुइँ | | |
| घरको आँगन | | |
| पानीको धारा | | |
| शौचालय | | |
| फूलबारी | | |
| भान्छा कोठा | | |
| घरका भित्ताहरु | | |
| खाना खान प्रयोग हुने भाँडा | | |

## ९. चित्र र शब्द बिच जोडा मिलाउनुहोस्:

| | |
|---|---|
| तेल |  |
| साबुन |  |
| मन्जन |  |
| डस्टविन |  |
| पानी |  |

**१०. व्यक्तिगत सरसफाइमा प्रयोग हुने सामग्रीहरु मध्ये तपाईको घरमा भएका पाँचवटा वस्तुको नाम लेख्नुहोस्:**

**जस्तैः** साबुन

क) ...................... ख) ................... ग) ........................

घ) ................... ङ) ......................

**११. तलको वर्ण तालिकाबाट पाँचवटा सफाइका लागि प्रयोग हुने शब्द खोजेर लेख्नुहोस्:**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| न | बो | ते | ल | म | न्ज | न | प | का | फ |
| पा | फ | ल | क | पा | ल | ब्रु | स | क | ब |
| बो | द | ब | न | नी | पो | त | रु | मा | ल |
| पे | स्या | सा | बु | न | को | प | कु | चो | प |
| हि | न | ल | दा | प | खो | चा | न | प | यो |

**जस्तैः** तेल

१. ................................. २. .................................

३. ................................. ४. .................................

५. .................................

**१२. तलका वाक्य पढ्नुहोस । ठिक भए (✓) र बेठिक भए (×) चिह्न लगाउनुहोस्:**

| | |
|---|---|
| क) खाना खाएपछि ब्रुसले दाँत सफा गर्नुपर्छ । | |
| ख) फोहर घरको कुनामा थुपार्नुपर्छ । | |
| ग) खरानीले कपाल धुनु पर्छ । | |
| घ) बाटोमा दिशा पिसाब गर्नु हुँदैन । | |
| ङ) माटोले हात धुनुपर्छ । | |

एकाइ तेह्र

## विषय क्षेत्र : यातायात तथा सञ्चार

### विशिष्ट उद्देश्य:

यस एकाइमा रहेका विषयवस्तुको अध्ययनपश्चात् विद्यार्थीहरु निम्न कुरामा सक्षम हुनेछन्:

१. यातायातका साधनहरु पहिचान गर्न,

२. सञ्चारका साधनहरु पहिचान गर्न,

३. आफ्नो समुदायमा प्रयोगमा ल्याइएका यातायात र सञ्चारका साधनहरु को नाम बताउन,


४. सामान्य ट्राफिक सङ्केतहरु पहिचान गर्न,

## यातायातका साधन

### १. तलका चित्रहरु हेरौँ र छलफल गरौँ:























**शिक्षक निर्देशन**: बालबालिकाहरुलाई यातायातका साधनहरुको नाम र काम बारे छलफल गराउँदै सिकाउन्होस् ।

क) हाम्रो गाउँपालिका भित्र प्रयोगमा ल्याइने यातायतका साधनहरु:


जिप



टिप्पर


ट्याक्टर


मोटरसाइकल


बस


साइकल



कार



भ्यान



ट्रक

**ख) तपाईको घरपरिवारले प्रयोग गर्ने कुनै ५ वटा यातायातका साधनको नाम लेख्नुहोस्:**

अ) बस　　　　आ) ......................　　　　इ) ......................

ई) ......................　उ) ......................　　　　ऊ) ......................

**ग) तलका यातायातका साधनहरु पहिचान गरी नाम लेख्नुहोस्:**














### घ) खाली ठाउँमा उपयुक्त शब्द राखेर भर्नुहोस्:

अ) म घरबाट शहर जाँदा .................. मा चढेर जान्छु । (बस, पानीजहाज, ट्याक्टर)

आ) म खेत जोत्न ................. प्रयोग गर्छु । (जीप, ट्याक्टर, मोटरसाइकल)

इ) मेरो गाउँमा सबैभन्दा बढी .................. प्रयोग हुन्छ । (बस, जीप, ट्याक्टर)

ई) यातायातका साधनले ...............काम गर्छ । (ढिलो, छिटो, सुस्तरी)


उ) बिरामी मानिसलाई बोक्न ............. प्रयोग गरिन्छ । (ट्याक्टर, ट्रक, एम्बुलेन्स)

**शिक्षण निर्देशन:** बालबालिकाहरुलाई माथिको निर्देशन अनुसार कामहरुको पुनरावृत्ति गराउँदै सिकाउनुहोस् ।

# ट्राफिक सङ्केत

## १. तलका ट्राफिक सङ्केतहरु हेरेर छलफल गर्नुहोस्:

### सडक बत्ती संकेतहरु




- रातो बत्तीको संकेतले रोक्नुलाई जनाउँछ।
- पहेँलो बत्तीको संकेतले रोक्न तयारी हुनुलाई जनाउछ।
- हरियो बत्तीको संकेतले अगाडि जानु भन्ने जनाउँछ।

**शिक्षण निर्देशन:** विद्यार्थीहरुलाई ट्राफिक सङ्केत र नियम बारे छलफल गराई सिकाउनुहोस्।



हर्न बजाउन निषेध



पदयात्री निषेध




रोक



केटाकेटीहरु




पार्किङ्ग निषेध



प्राथमिक उपचार




पार्किङ्ग गर्ने ठाउँ



पदयात्रीको बाटो



बाटो काटने ठाउँ

## क) ट्राफिक नियम र सङ्केतको जोडा मिलाउनुहोस् :

नियम — संकेत

हर्न बजाउन निषेध




पदयात्री निषेध




पार्किङ गर्ने ठाउँ



केटाकेटीहरु



रोक



प्राथमिक उपाचार




**शिक्षण निर्देशन**: माथिको निर्देशन बाहेकका अन्य थप अभ्यास गराउदै सिकाउनुहोस् ।

**ख) खाली ठाउँ भर्नुहोस् :**

अ) रातो बत्तीले .......................... संकेत गर्छ । (हिड्ने, रोक्ने, गुडाउने)

आ) हरियो बत्तीले ......................... संकेत गर्छ । (गुडाउने, रोक्ने, जाने)

इ) पहेँलो बत्तीले .......................... संकेत गर्छ । (तयारी, रोक्ने, जाने)

ई) हामीहरु सडकको .................. बाट हिड्नुपर्छ । (बीच, छेउ, जतासुकै)

उ) पैदलयात्रीले ......................... बाट बाटो काट्नुपर्छ । (छेऊ, जेब्राक्रसिङ बीच)

# सञ्चारका साधन

## १. तलका चित्र हेरौँ र छलफल गरौँ :



रेडियो



टेलिभिजन




पत्रिका



टेलिफोन



कम्प्युटर




चिट्ठी



मोबाइल




हुलाक

## २. तलको पाठ पढ्नुहोस्:

कुराकानी आदान प्रदान गर्नुलाई सञ्चार भनिन्छ । कुराकानी लाई खबर भनिन्छ। रेडियो, टेलिभिजन, पत्रपत्रिका, कम्प्युटर, हुलाक, चिठीपत्र, फोन आदि सञ्चारका साधन हुन् । आफूले केही भन्नु र अरुका कुरा सुन्नुपनि सञ्चार हो ।

## ३. सञ्चारका साधनहरुको नाम लेख्नुहोस्:

**जस्तैः** टेलिभिजन

____________ ____________ ____________

____________ ____________ ____________

____________

## ४. तपाईको गाउँपालिका भित्र प्रयोग हुने सञ्चारका साधनहरु के -के छन् ? साथीसँग छलफल गरी लेख्नुहोस् :

१. मोबाइल फोन  २. ..........................  ३. .............................

४. ..........................  ५. ..........................  ६. .............................

७. ..........................  ८. ..........................

**शिक्षण निर्देशनः** बालबालिकाहरुलाई हामीले दैनिक रुपमा प्रयोग गरिरहेका सञ्चारका साधन र काम बारे छलफल गराउनुहोस् ।

## ५. काम र चित्र बीच जोडा मिलाउनुहोस्:

म मानिस-मानिससँग कुराकानी गराउँछु ।



म गीत र समाचार देखाउँछु ।




म आवाजबाट खबर सुनाउँछु ।



मलाई पढेर खबर थाहा पाइन्छ ।



म हुलाक घरमा हुन्छु ।



**शिक्षण निर्देशन:** बालबालिकाहरुलाई सञ्चारका साधनहरुको चित्रको सहायताले क्रियाकलापमा सहभागी गराउनुहोस् ।

## एकाइ चौध

## विषय क्षेत्र : बालमैत्री स्थानीय शासन

### विशिष्ट उद्देश्य :

यस एकाइमा रहेका विषयवस्तुको अध्ययनपश्चात् विद्यार्थीहरु निम्न कुरामा सक्षम हुनेछन्:



१. आफूलाई मनपर्ने र मन नपर्ने व्यवहारहरु छुट्याउन,

२. आफ्नो विद्यालयमा भएका बालमैत्री व्यवहारहरु पहिचान गर्न,


३. बालमैत्री व्यवहार भएका चित्रहरुको पहिचान गर्न,

## बालमैत्री विद्यालय

### १. चित्र हेरौँ र छलफल गरौँ:















**शिक्षण निर्देशन:** चित्रको आधारमा बालमैत्री व्यवहारको बारेमा छलफल गराउनुहोस् ।

## २. तलको पाठ पढ्नुहोस र आफ्नो विद्यालयमा कुन कुन कुराहरु उपलब्ध छन् भन्नुहोस्:

मेरो नाम नविन हो । म कक्षा १ मा पढ्छु । मेरो विद्यालय पाल्पा जिल्ला बगनासकाली गाउँपालिका वडा नं. ५ मा पर्छ। मेरो विद्यालयमा पढाउने सबै शिक्षकहरुले मलाई मायाँ गर्नुहुन्छ। नजानेको कुरा हाँसेर बताइदिनुहुन्छ। विद्यालयको शौचालय सफा छ । खानेपानीको धारा छ । खेल खेल्न खेलमैदान छ । मेरो कक्षामा भुइँ बसाइ छ । विद्यालय वरिपरि सुन्दर फूलबारी छ। मेरा सबै साथी सहयोगी छन् । मेरो विद्यालयका सबै शिक्षक र विद्यार्थी विद्यालय पोसाकमा आउनुहुन्छ। मलाई कक्षामा सबैले नामबाट बोलाउनुहुन्छ । मैले घरबाट सधै खाजा बनाएर ल्याउँछु । बजारबाट किनेर ल्याएका खानेकुरा खाँदिन । मेरो विद्यालयका सबै विद्यार्थीहरुले मैले जस्तै गर्नुहुन्छ । मेरा विद्यालयका सबै साथीहरुले एक अर्कालाई माया र सहयोग गर्नुहुन्छ।

**क) उत्तर भन्नुहोस् :**

अ) तपाईको विद्यालयमा शौचालय कस्तो छ ?

उत्तर : ......................................................................................

आ) तपाईले दिउँसोको खाजा के के खानुहुन्छ ?

उत्तर : ......................................................................................

इ) नविनका साथीहरु कस्ता छन् ?

उत्तर : ......................................................................................

ई) नविनको विद्यालयमा के के रहेका छन् ?

उत्तर : ......................................................................................

उ) तपाईको विद्यालयमा शुद्ध खाने पानीको व्यवस्था छ या छैन ?

उत्तर : ......................................................................................

ऊ) तपाईको विद्यालयमा र नविनको विद्यालयमा भएका कुराहरु के के छन् ? मौखिक उत्तर दिनुहोस् ।

उत्तर : ......................................................................................

**शिक्षण निर्देशन:** माथिको पाठ पढ्न लगाइ आफ्नो विद्यालयको वारेमा त्यसैगरी छलफल सहभागी गराउनुहोस् ।

## ३. तलको भनाइहरु पढ्नुहोस्:



### मलाई मनपर्ने कुराहरु :

-घरमा पकाइएका खानेकुरा
-सफा शौचालय
-युरोगार्डको शुद्ध खानेपानी
-फूलबारी
-खेलमैदान भएको विद्यालय
-मायालु बोली
-नामले बोलाएको
-भुँईबसाइ भएको कक्षाकोठा
-सहयोगी शिक्षक र साथी
-खेलबाट सिकाउने
-विद्यालयको ड्रेस लगाएको



### मलाई मन नपर्ने कुराहरु :

-बजारका प्याकेजिङ खानेकुरा
-फोहर र पानी नभएको शौचालय
-रुखो बोली व्यवहार
-रङ्गी चङ्गी कपडा लगाएर विद्यालय आएको
-उपनामले बोलाउने
-अग्लो डेक्स बेन्च भएको कक्षाकोठा
-शिक्षक र साथीबाट गरिने डण्ड सजाय
-अग्लो धारा
-खेल र गीतबाट नसिकाउने
-खेल्ने ठाउँ नभएको विद्यालय

**शिक्षण निर्देशन:** माथि दिइएका जस्तै अन्य मन पर्ने र नपर्ने व्यवहारबारे समेत छलफल गर्ने र गराउने ।

## ४. तपाईलाई मन पर्ने कुनै ५ वटा कुराहरु लेख्नुहोस्:

क) जस्तै: फूलबारी भएको विद्यालय

ख)......................................................................................

ग)......................................................................................

घ)......................................................................................

ङ)......................................................................................

च)......................................................................................

## ५. तपाईलाई मन नपर्ने कुनै ५ वटा कुराहरु लेख्नुहोस्:

क) जस्तै: अग्लो पानीको धारा

ख)......................................................................................

ग)......................................................................................

घ)......................................................................................

ङ)......................................................................................

**६. तपाईंको विद्यालयमा छ भने ठीक (✓) चिन्ह र छैन भने बेठीक (×) चिन्ह लगाउनुहोस् :**

क) फूलबारी ☐

ख) खेलमैदान ☐

ग) शुद्ध खानेपानी ☐

घ) भुईबसाइ भएको कक्षाकोठा ☐

ङ) मायालु शिक्षक ☐

च) खेलकुदका सामान ☐

छ) साबुन पानी ☐

ज) सफा शोचालय ☐

झ) खेलबाट पढाइ ☐

ञ) शान्त र सफा वातावरण ☐

## ७. तलको गीत गाउनुहोस् :

✍दयाराज कंडेल



हामी साना नानी ।

सधै स्कुल जानी ॥

पढ्ने लेख्ने बानी ।

सफा खान्छौ पानी ॥



मेरो स्कुल अगाडि

फूलबारी फूलको

खाजा खाने गर्छु नि

सधै घरमा बनाको




बालमैत्री भएको

शान्त सफा स्कुल

खेलमैदान भएको

मेरो प्यारो स्कुल



माया गर्ने गुरुमा

सहयोगी साथी भाइ

भुईं बसाइ गरेर

खेलमा हुन्छ पढाइ ।

## ८. माथिको बालगीतको आधारमा मौखिक उत्तर दिनुहोस्:

क) हामी कस्ता छौँ ?

ख) स्कुल अगाडि के रहेको छ ?

ग) स्कुलको वातावरण कस्तो छ ?

घ) हामीले कस्तो खाजा खानुपर्छ ?

ङ) गुरुमाले के गर्नुहुन्छ ?

च) कक्षाकोठाको बसाइ कस्तो छ ?

**शिक्षण निर्देशन:** गीतको माध्यमबाट बालमैत्री विद्यालयको बारेमा सामान्य अवधारणा दिनुहोस् ।

# विशिष्टिकरण

## सैद्धान्तिक

## लिखित परीक्षा प्रयोजनार्थ

## विषय : स्थानीय विषय

## कक्षा :

| क्र. सं. | | ज्ञान तहका प्रश्न | बोध तहका प्रश्न | व्यवहारिक सीप तहका प्रश्न | उच्च दक्षता तहका प्रश्न | प्रतिप्रश्न अङ्कभार |
|---|---|---|---|---|---|---|
| १. | पाठगत बोध प्रश्नोत्तर | - | १४ | - | - | ३ |
| २. | जोडा मिलाउने प्रश्न | १ | - | - | - | ५ |
| ३. | चित्र पहिचान | - | - | १ | - | २ |
| ४. | व्यक्तिगत परिचय | - | - | - | १ | १० |
| ५. | खाली ठाउँ भर्ने | १ | - | - | - | १० |
| ६. | स्थान वा वस्तु पहिचान | - | - | - | १ | १० |
| ७. | ठिक/बेठिक प्रश्न | १ | - | - | - | ८ |
| ८. | चित्र कोर्ने | - | - | १ | - | ५ |

# तालिका-२०७७

## मूल्याङ्कन


## विशिष्टकरण तालिका

**हाम्रो बगनाकासकाली** **समय : ३ घण्टा**

**एक** **पूर्णाङ्क : १००**

| जम्मा अंङ्भार | समय | स्पष्टीकरण |
|---|---|---|
| ४२ | ७५ मिनेट | पाठ्यक्रमले तोकेका चौध वटा विषय क्षेत्र मध्येबाट प्रत्येक विषयक्षेत्र समेट्ने गरी एक विषय क्षेत्र एक बोध प्रश्न गरी जम्मा १४ वटा प्रश्न ३ देखि ५ शब्द सम्ममा उत्तर दिन सक्ने खालका प्रश्नहरु सोध्ने । |
| ५ | ९ मिनेट | कुनै पाँच वटा विषय क्षेत्रबाट १/१ वटा स्थानीय जातीय पहिचान, पेसा व्यवसाय, धार्मिक तथा पर्यटकीय स्थल, उत्पादन आदि समेट्ने गरी चित्र र नाम सहित पाँच वटा विषय क्षेत्रको एउटा प्रश्न निर्माण गरी सोध्ने । |
| १० | १८ मिनेट | स्थानीय पहिचान बोकेका कुनै पाँच वटा चित्र दिई पहिचानको आधारमा नाम लेख्ने प्रश्न सोध्ने । |
| १० | १८ मिनेट | विद्यार्थीलाई आफ्नो नाम, बसोबास गर्ने ठेगाना उमेर, अध्ययन गर्ने कक्षा, घरपरिवारको पेसा, आफ्नो घर वरपर रहेका स्थानीय पहिचानका १/२ विषयवस्तु समावेश गरी आफ्नो बारेमा लेख्न सक्ने प्रश्न सोध्ने । |
| १० | १८ मिनेट | कुनै पाँच वटा विषय क्षेत्र भित्रबाट १/१ वटा प्रश्न सही उत्तर छनौट गरी खाली भर्ने खालको प्रश्न सोध्ने । |
| १० | १८ मिनेट | विद्यार्थीलाई आफ्नो घर वरपर रहेको कुनै पाँच वटा धार्मिक, प्राकृतिक वा उत्पादित बस्तुको नाम, पहिचान गरी लेख्न सक्ने प्रश्न सोध्ने । |
| ८ | १५ मिनेट | चौध विषय क्षेत्र मध्येबाट कुनै चार वटा विषय क्षेत्र भित्रबाट १/१ वटा ठिक बेठिक उत्तर दिने प्रश्न सोध्ने, खाली ठाउँ भर्ने प्रश्न सोधिएका विषय क्षेत्रबाट प्रश्नहरु नसोध्ने । |
| ५ | ९ मिनेट | विद्यार्थीहरुलाई आफूलाई मनपर्ने कुनै २ वटा स्थानीय, उत्पादन वा जडिबुटीको चित्र कोर्न लगाउने । |






# पाल्पा




प्रकाशक

# बगनासकाली गाउँपालिका
# पाल्पा